# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



लुम्बिनीमा सिद्धार्थ गौतमकी जन्मदाता महामाया देवी

DHARMAKIRTI

वर्ष-२१; अङ्क-३ २०६० असार महिना

# अनिच्चावत संखारा

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो



जन्मः
वि.सं. १९७७ पौष

दिवंगतः
वि.सं. २०६० बैशाख ३० गते, मंगलवार

**मदुम्ह भाजु कृष्णप्रसाद श्रेष्ठ**

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य बनेपा-१० च्वंम्ह कृष्णप्रसाद श्रेष्ठ ८३ दँया वैशय् दिवंगत जुयादीगुलिं वय्कःया छ्येँजःपिसं प्रकृतिया अनित्य स्वभावयात थ्वीकाः धैर्य धारण याय्फय्मा धकाः कामना यानाच्वना । साथय् वय्कःया गुणानुस्मरण यासें संसारया अनित्य स्वभावयात लुमंका च्वना ।

*धर्मकीर्ति पत्रिका परिवार*

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।
२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।
३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।
४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।
५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| | | |
|---|---|---|
| १. बुद्ध-वचन | - | १ |
| २. सम्पादकीय- शान्ति दिवसको रूपमा ... | - | २ |
| ३. धम्मपद-१६० | - रीना तुलाधर | ३ |
| ४. ध्यानकुटी बाल आश्रमलाई सहयोग | - | ३ |
| ५. अरूलाई भन्दा पहिला आफूलाई धर्म ... | - वीर्यवती | ४ |
| ६. धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | - | ५ |
| ७. २१ औं शताब्दीको नेपालमा बौद्ध धर्मको ... | - खेन्पो डगुवाङ वोशेर लामा | ६ |
| ८. सप्तरत्न धन-२ श्रद्धा-२ | - प्रकाश बज्राचार्य | ९ |
| ९. धर्मकीर्ति विहार-गतिविधि | - | १२ |
| १०. छलफल | - मेघदूत | १६ |
| १०. धर्म प्रचार-समाचार | - | १७ |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५८ ९५५, ४२२४ ९१२

व्यवस्थापकहरु
**चिनीकाजी महर्जन**
फोन: ४२५३ १८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७६ ९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**
फोन: ४२५७ ५७२

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन: ४२५९ ४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन: ४२५९ ११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५९ ४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघःटोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५९ ४६६

बुद्ध सम्वत् २५४७
नेपाल सम्वत् ११२३
इस्वी सम्वत् २००३
बिक्रम सम्वत् २०६०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | ६/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**JUNE 2003**


| | | | |
|---|---|---|---|
| वर्ष- २१ | अङ्क- ३ | ज्याः पुन्ही | असार २०६० |





★ कसैलाई निन्दा, हिंसा वा पीडा नगर्नु, प्रातिमोक्षका शीलहरू पालन गर्नु, आहारमा मात्राको ज्ञान राख्नु, एकान्त बास गर्नु र चित्त शुद्धिको निम्ति प्रयत्न गर्नु यही बुद्धहरूको शिक्षा हो ।

★★★

★ सहनशीलता र क्षमाशीलता परम तप हुन्, बुद्धहरू निर्वाणलाई परम पद भन्दछन्, अर्कालाई घात गर्ने अर्कालाई पीडा दिने प्रव्रजित सच्चा साधु होइन ।

★★★

★ पुरुष हो ! पाप कर्मलाई रोक्न सजिलो छैन, लोभ र अधर्मले तिमीलाई चिरकाल सम्म दुःखमा नजाकोस् ।

# शान्ति दिवसको रूपमा बुद्ध जयन्ती सम्पन्न

बुद्धको जन्म, बुद्धत्त्व प्राप्ती र महा परिनिर्वाण त्रिसंयोगको पुणित उपलक्षमा पहिला पूजा आजा र बुद्ध मूर्ति खटमा राखी औप-चारिक रूपमा महोत्सव मनाउने चलन चलिरहेको थियो । तर हाल सफाई अभियान, निशुल्क स्वास्थ्य सेवा, अस्पतालका विरामीहरूलाई फलफूल र विस्कुट वितरण र रक्तदान आदि गरी रचनात्मक ढंगले बुद्ध पूर्णिमा मनाउन थालियो । अझ श्रीलंकामा त अस्पतालहरूमा असहाय विरामीहरूलाई औषधी समेत निशुल्क वितरण गरी बुद्ध जयन्ती मनाउने चलन रहेको छ ।

भरखरै सम्पन्न भएको २५४७ औं बुद्ध पूर्णिमा महोत्सव भने शान्ति दिवसको रूपमा मनाइएको छ । गत ७ वर्ष देखि बुद्ध जन्मभूमी नेपालमा हिंसा, आतंक आदिले गर्दा अशान्ति मच्चिरहेको थियो । रात्री यातायात सेवा समेत बन्द भएको थियो । कुन बेला बम पड्किएला भन्ने भय र त्रासको कारणले गर्दा गमनागमन समेत हिचकिचाइएको थियो । तर गत ४ महिनादेखि जनताले केही मात्रामा शान्तिको श्वास फेर्न पाइरहेका छन् । तर स्थायी रूपले भने होइन । किनभने माओवादी र सरकार बिच शान्तिबार्ताको निष्कर्ष प्राप्त भएको छैन । त्यसैले यसपाली बुद्ध जयन्ती महोत्सव मनाउने सिलसिलामा जताततै युद्ध विराम स्थायी होस् र शान्तिवार्ता सफल होस् भन्ने कामना सहितको आवाजले आकाश गुञ्जिएको छ ।

शान्ति दौड, दीप प्रज्वलन र शान्ति पदयात्राको रूपमा यसपाली बुद्ध जयन्ती मनाइएको समाचार प्राप्त भइरहेका छन् । यही सिलसिलामा काठमाडौं देखि दोलखा सम्म शान्ति दौडमा भाग लिनुहुने प्रख्यात नेपाली धावक बैकुण्ठ मानन्धरले शान्ति दौड शुरु हुन अगावै पत्रकारहरूसंग कुराकानी गर्नुहुँदै भन्नुभयो- बुद्ध जन्मभूमी नेपाल भनी हामी भन्ने त गर्छौं । तर यही देशमा सधैं हत्या, र हिंसाको घटनाले गरी देश र जनता पीडित बनिरहनु परेको छ । अहिले देशमा शान्तिको वातावरण देखिन थालेको छ । यस अवस्थालाई हामीले चुकाउनु हुँदैन भन्ने महशूस गर्दै यस "शान्ति दौड" मा भाग लिंदैछौं । अहिले माओवादीहरू हतियार विसाएर शान्ति वार्ताका लागि आएका छन् । यसलाई सबै क्षेत्रबाट सहयोग दिन आवश्यक हुन्छ । धावक मानन्धरले राजनैतिक पार्टीहरूलाई लक्षित गर्दै भन्नुभयो- यस स्थितीमा जनताले आन्दोलन होइन दीगो शान्ति चाहन्छन् । त्यसैले सबै पार्टी शान्ति वार्ता सफल पार्ने कार्यतर्फ लाग्नु पर्दछ । बुद्ध शिक्षानुसार आचरण राम्रो पारी कुरा मात्र होइन आफ्नो बोलीलाई र कामलाई पनि ठीक पारी असल मानिस बन्न सके मात्र स्थायी शान्ति कायम हुनेछ । धर्मकीर्तिले पनि यही शान्तिको कामना गरिरहेको छ ।

Downloaded from http://www.dhamma.digital

# धम्मपद-१६०

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

**नत्थि रागसमो अग्गि - नत्थि दोससमो कलि**
**नत्थि खन्धसमा दुक्खा - नत्थि सन्ति परं सुखं**

**अर्थ-** राग समान अग्नि अरु छैन, द्वेष समान, अपराध मल (फोहर) अरु छैन, पञ्चस्कन्ध रुपी शरीर समान दु:ख अरु छैन, शान्ति (=निर्वाण) समान सुख अरु छैन ।

**घटना-** उपरोक्त गाथा भगवान बुद्ध जेतवन विहारमा बस्नु भएको समयमा कुनै एक उपासकको घरमा बिहे हुन लागेकी एक केटीको कारणमा भन्नुभएको थियो ।

त्यस बखत कुनै एक उपासकको घरमा छोरीको बिहे हुन लागेको थियो । बिहेको अवसरमा उक्त उपासकले भगवान बुद्ध सहित भिक्षु संघलाई भोजन दानको लागि निमन्त्रणा गरेको थियो । भोजन दानको समयमा बिहे हुन लागेकी ती केटी पनि भोजनको प्रबन्ध गर्न यताउती हिँड्दै काम गरीरहेकी थिइन् । त्यहाँ बिहे गर्न आउने दुलाहालाई पनि बोलाइएको थियो । त्यो दुलाहा हुने केटोले आफ्नि दुलही हुन लागेकी केटीलाई हेरेर मनमा प्रेमाशक्ति उत्पन्न गरी राखेको थियो । उनको मनमा उठेको प्रेम तृष्णाले ग्रसित भएर त्यो केटोले त्यहाँ उपस्थित हुनु भएका बुद्ध प्रमुख भिक्षु संघलाई वन्दना गर्न सम्म पनि सम्झेन । खालि आफ्नि दुलही हुनेलाई मक्ख परेर हेरीरहेको थियो । त्यस बखत बुद्धले बिहे हुन लागेका ती दुईटै दुलाहा, दुलहीले मार्गफल प्राप्त गर्न सक्ने लक्षण देखेकोले दुलाहाचाहिँलाई औंल्याएर भन्नुभयो- "हे कुमार ! राग समान आगो अरु छैन, द्वेष समान अपराध अर्को छैन, पंचस्कन्ध रुपी शरीर समान दु:ख अर्को छैन, त्यस्तै निर्वाणसमान सुख अर्को छैन ।" यसरी आज्ञा भएर बुद्धले उपरोक्त गाथा भन्नुभयो । धर्मदेशनाको अन्तमा दुलाहा, दुलही दुबै जना स्रोतापन्न भए । ■

## ध्यानकुटी बाल आश्रमलाई सहयोग

बनेपा ध्यानकुटी मेत्ता सेन्टर बाल आश्रमलाई सहयोग दिनुहुने दाताहरूको नामावली-

१. जापानका ओकासे आसुचि समूह
   - स्कूल युनिफर्म ११ जोर, लुगा सिउने मेशिन-१ थान
२. तिमीला रञ्जित मजिपात
   - एक बालीकाको लागि एक वर्षको स्कूल फीस - रु. ७००/-
३. स्व. पूर्ण चन्द्रको पुण्य स्मृतिमा जुजुकाजी शाक्यले - रु. २५००/-
४. तीर्थ देव मानन्धर - रु. २००/-

धर्मकीर्ति पत्रिकालाई सहयोग प्राप्त भएका छ -
दाता नरेन्द्र भक्त श्रेष्ठ, लुखुसी टोल, वडा नं. १७, पाटन बाट रु. १११/-

**"रमाइला रमाइला विषयहरूमा ध्यान पुऱ्याई बस्ने, इन्द्रियहरूमा संयम नगर्ने, भोजनमा मात्रा ज्ञान नराख्ने, अलसी उद्योग वीर्यहीन व्यक्तिलाई हुरीले जरै समेत रूख ढालेझैं मारले सत्यानाश गरिदिन्छ ।"**
**- धम्मपद**

# अरुलाई भन्दा पहिला आफूलाई धर्मबोध गरौं

✍ वीर्यवती

यसपाली हामीले २५४७ औं बुद्ध पूर्णिमा महोत्सव मनायौं । वास्तवमा बुद्धले जन्म मरण चक्रबाट मुक्त हुनुभई बोधिज्ञान प्राप्त गर्नु भएको विजय पर्वको खुशियालीमा हामीले बुद्ध पूर्णिमा महोत्सव मनाउने गर्छौं । बुद्धले प्राप्त गर्नुभएको सफलतालाई अनुमोदन गर्दै खुशीयाली मनाउने यस कार्यले हामीलाई बुद्धको आदर्श प्राप्त गर्ने प्रेरणा त अवश्य मिल्नेछ । तर यसरी प्रेरणा मात्र प्राप्त गर्दैमा, बुद्ध प्रति भाव भक्ति मात्र चढाउँदैमा र खुशीयाली पर्व मात्र मनाउँदैमा हामीले पनि बुद्धले जस्तै साँचो विजय प्राप्त गर्न भने कदापि सक्दैनौं । किनभने बुद्ध स्वयंले भन्नुभएको छ– **"तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता"** अर्थात् "तिमीले आफ्नो जीवनमा सफलता प्राप्त गर्नको लागि तिमी आफैले मेहनत गर्नुपर्छ । बुद्धले त बाटो मात्र देखाउनु हुनेछ ।"

हुनपनि हो, अरुले खाना खाएको दृश्य हेर्दैमा र त्यस खानाको प्रशंसा गर्दैमा आफ्नो पनि पेट भरिने त अवश्य पनि होइन । आफ्नो भोको पेट भर्नको लागि त आफैले खाना खानुपर्छ । त्यसैले हाम्रो मन पवित्र र शुद्ध पारी जन्म मरण चक्रबाट मुक्ती प्राप्त गर्नको लागि हामीले पनि बुद्धले जस्तै आफूमा भएका खराब आचरण र कुबानीहरूलाई केलाउँदै हटाउन सक्नुपर्‍यो ।

त्यसैले बुद्धले भन्नुभएको छ– **"अनुपुब्बेन मेधावी थोक थोकं खणे खणे कम्मारो रजतस्से'व – निद्धमे मलमत्तनो"**

अर्थात्, सुनारले अलि अलि गरेर चाँदीको कसर निखारे झैं मेधावी पण्डितले पनि अलि अलि गरी क्रमश: आफ्नो चित्तमल निखार्ने गर्छ ।

यसको लागि हामीले आफ्नो मनलाई आफैले हरेक क्षण जाँच्ने बानी बसाल्न पर्‍यो । तर आजभोली हामीमा आफूले आफैलाई जाँच्न फुर्सद नै छैन । किनभने हामी धेरै जसो अरुले के गर्‍यो के गरेन, र उसको बानी यस्तो छ उस्तो छ, उसले यस्तो भनेपछि हामीले मात्र किन बाकी राख्ने ? आदि भन्दै एकले अर्काको दोषहरू मात्र औल्यांउदै, लाञ्छना लगाउँदै, झैझगडा र अशान्ति मच्चाउने कार्य तर्फ नै व्यस्त छौं । यसरी हामीमा आफूले आफैलाई जाँच्ने काम भन्दा अरुलाई जाँच्ने बानीले जरो गाडेको देखिन्छ । तर आफुले आफैलाई परीक्षा नगरीकन आफ्ना खराबीहरूलाई चिन्न नै सकिदैन । अरुको दोष र खराबी पक्षहरूलाई मात्र नियाल्दै रहँदैमा आफ्ना खरावीहरू हटिने होइन । यसले गर्दा झन आफूमा द्वेष भावनाहरू मात्र थपिँदै गई हाम्रो मन झन दूषित र अशान्त बन्न पुग्नेछ । अनि... हामीले आफ्नो मनलाई कहिले र कसरी शुद्ध पार्ने ? यस चारदिनको जीवनमा ? तर मन अशुद्ध रहेसम्म कहिले पनि मुक्ति प्राप्त हुन सक्दैन ।

बुद्ध कालिन समयमा जतिपनि ज्ञानी व्यक्तिहरूले ज्ञानको खुड्किलो चढी मुक्ति अवस्था प्राप्त गर्न सकेका छन्, तिनीहरू सबैले आफ्नो मनलाई बोध गर्न सकेको कारणले नै सफलता हासिल गर्न सकेका थिए । ती मध्ये एक उदाहरण यहाँ प्रस्तुत गर्दैछु ।

श्रावस्तीस्थित एक माहुते कुलमा हस्त्यारोहपुत्र नाम गरेको एक व्यक्तिले आफ्नो कुलवंशको कार्य "हस्तिवशीकरण विद्या" अर्थात् हात्तिलाई वशमा राख्ने विद्या पारंगत गरेको थियो । एकदम चण्ड स्वभावका डरलाग्दा हात्तिहरूलाई समेत वशमा राख्न सक्षम भइसकेका थिए उ । एकदिन एउटा हात्तीलाई वशमा राख्ने काम गर्दा गर्दै संयोगवश उसको मनले यस्तो विचार गर्न पुगेछ- के मैले मेरो सारा जीवन यी चण्ड स्वभावका हात्तीहरूलाई बशमा राख्ने कार्य गरेर मात्र बिताउने ? हात्ती भन्दा पनि चण्ड स्वभावको यो मेरो मनलाई आफ्नो वशमा राख्ने काम गर्न पर्दैन मैले ? यो मनलाई वशमा नपारुञ्जेल सम्म मैले एकदिन मरेर जानुपर्ने यस संसारको प्राकृतिक नियम देखेर डराइरहनुपर्ने हुन्छ । हात्ती माथि मात्र विजय प्राप्त गरेर के गर्नु ? मरण भयबाट नै विजय प्राप्त गर्न सकेमात्र मैले वास्तविक विजय प्राप्त गर्न सक्नेछु । भएन यसरी बसेर भनी उसले संसारको वास्तविक स्वभाव अनित्यतालाई स्मरण गर्दै उ जेतवन विहारमा गए । त्यहाँ भगवान् बुद्धको तर्फबाट धर्म शिक्षाहरू सुनी उसले जंगली हात्तीलाई बशमा राख्नु भन्दा आफ्नो मनलाई बशमा राख्नुमा बढि महत्त्व र सार देखी मनलाई वशमा राख्ने विधि सिकी विपश्यना ध्यान गर्न थाले । तर मनलाई वशमा राख्ने कार्य त हात्तीलाई वशमा राख्ने कार्य भन्दा ज्यादै कठिन लाग्यो उसलाई । माछा चिप्लिए जस्तै चिप्लिएर भाग्दो रहेछ यो चञ्चल मन त । कहिले बितिसकेका कुरा र घटनाहरू सम्झन पुग्छ भने कहिले आउँदै नआएका भविष्यका कल्पनाहरूमा डुब्न पुग्ने यस मनलाई वशमा राख्न नसकेर छट्पटिन थाल्यो त्यस हस्त्यारोहपुत्र । यही समयमा उसले पहिला आफूले एकदम डरलाग्दा चण्ड स्वभावका हात्तीहरूलाई वशमा



Downloaded from http://www.dhamma.digital

राख्ने काम गर्दा कति धैर्यतालाई अपनाउनु परेको थियो र कति कष्ट सहनु परेको थियो, कुनैबेला उनीहरूलाई अंकुश लगाउनु पर्थ्यो त कुनैबेला आराम दिनु पर्थ्यो। यसरी धेरै समय लगाई, धेरै दिमाग लगाई, थुप्रै उपायहरू अपनाउँदै महेनत गरेका दृश्यहरू झलझल्ती सम्झन थाल्यो उसले । अनि बल्ल उसले आफ्नो मनलाई वशमा राख्ने कार्यमा पनि धैर्यता अपनाई खूब मेहनती र लगनशील बन्दै चित्त एकाग्र गरी वर्तमान अवस्थामा मनलाई स्थीर राख्न थाल्यो। आफ्नो मनलाई आफ्नै शरीर अनित्य हुँदै गइरहेको यथार्थतालाई हेर्ने कार्यमा अभ्यास गराउन थाल्यो। यसरी विस्तारै उसको मनले अनित्य बोध गर्न सफल भई मनमा रहेका राग, द्वेष र मोहरूपी मयलहरू पखाल्न सक्षम भए । फलस्वरूप उसले मुक्तिपद प्राप्त गरी मनुष्य जीवन सफल पारे ।

यसरी नै हामीले पनि पहिला आफ्नो मनलाई धर्मले बोध गरी पवित्र र शुद्ध पार्दै लगी हरेक बुद्ध पूर्णिमामा ज्ञानको तह बढाउँदै लगी एकदिन बोधिज्ञान अर्थात् मुक्तिपदलाई नै प्राप्त गर्न सकौं । ■

✲ धर्मकीर्ति विहार ✲ —— गतिविधि

## पुरस्कार वितरण समारोह

स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघल

२०६० ज्येष्ठ १७ गते, शनिवार। धर्मकीर्ति विहार परियत्ति केन्द्रबाट वि.सं. २०५९ (बु.सं. २५४६) वर्षमा परियत्ति बुद्ध शिक्षा परीक्षामा ८० जना विद्यार्थीहरू उत्तीर्ण हुन सफल भएका छन् । परीक्षामा उत्तीर्ण भएका ती सफल विद्यार्थीहरूलाई धर्मकीर्ति विहार परियत्ति केन्द्रबाट पुरस्कार वितरण समारोहको आयोजना गरी प्रेरणा स्वरूप पुरस्कार वितरण गरिएको छ ।

स्थान- वेलुवनाराम विहार ।

२०६० ज्येष्ठ १७ गते, शनिवार। वेलुवनाराम विहार परियत्ति केन्द्रले पनि उक्त केन्द्रबाट बि.सं. २०५९ (बु.सं. २५४६) वर्षको परियत्ति बुद्ध शिक्षा परीक्षामा उत्तीर्ण हुन सफल विद्यार्थीहरूलाई श्रीलंकाका महामहिम राजदूत Mrs. Grace Ammal Ashirwatham को प्रमुख आतिथ्यमा नवौं प्रेरणा पुरस्कार वितरण समारोहको आयोजना गरी पुरस्कार वितरण गरिएको समाचार छ ।

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क्र.सं. ३९९

**रत्नवीर डंगोल**

गोफल, लगनटोल, काठमाडौं ।

रु. १,००५/-

क्र.सं. ४००

**काजीरत्न शाक्य**

लुखुसी टोल, ललितपुर

रु. १,०१०/-

क्र.सं. ४०१

**तारा केशरी ढंगाना**

लाजिम्पाट, काठमाडौं

रु. १,१००/-

क्र.सं. ४०२

**ज्ञानी महर्जन**

मासं गल्ली

रु. १,००५/-

क्र.सं. ४०३

**पुष्प लक्ष्मी मास्के**

त्रिदेवी मार्ग ठमेल ।

रु. १,००५/-

क्र.सं. ४०४

**उमेश वैद्य**

ठँहिटी, क्वा:बहाल

रु. १,०००/-

क्र.सं. ४०५

**रुद्र बहादुर खड्गी**

चसान्दो

रु. १,०००/-

क्र.सं. ४०६

**श्री हेरा महर्जन**

छाउनी, स्वयम्भु

रु. १,००५/-

# २१ औं शताब्दीको नेपालमा बौद्ध धर्मको अवस्था–२

✍ खेन्पो ङग्वाङ वोशेर लामा

## लुम्बनीमा हिंसा

नेपाल सम्बत् १०४५ ताका लुम्बिनीमा हिंसा प्रेमी पुजारीले शान्ति प्रेमी भगवान बुद्धको आमा मायादेवीको मूर्तीलाई "लोमडी माई" भनी बली चढाइन्थ्यो तर जर्मनीका पुरातत्वविद् फुहररले "यी लोमडी माई हैनन् भगवान् बुद्धकी आमा हुन्" भनी चन्द्रशम्शेरलाई प्रमाणीत गरी पशुबलि चढाउन रोक्न अनुरोध गरेपछि चन्द्र शम्शेरको हुकुमबाट सन १९२४ देखि लुम्बिनीको मायादेवीको मूर्तीलाई बलि चढाउन बन्द गरेको हो भनिएको छ ।

त्यस्तै सो स्थलको पवित्रता र धार्मिक श्रद्धालाई कृतार्थ गर्न सन् १९४५ तदनुसार वि.सं. २०१२ साल फाल्गुण ७ गतेका दिन स्व. श्री ५ महेन्द्रबाट लुम्बिनीको दर्शनार्थ पाल्नु हुँदा बुद्ध जयन्तीका दिनमा नेपाल अधिराज्यभर हिंसा कार्य बन्द गर्न घोषणा गरिबक्स्यो । सोहि अनुसार बुद्ध जयन्तीका दिन नेपाल अधिराज्यभरमा राष्ट्रिय पर्वका रुपमा बुद्ध जयन्ती मनाउन विदा दिएको देखिन्छ[८] । काठमाडौं उपत्यकामा हिन्दुराजाहरूले आधिपत्य जमाएपछि स्वयम्भू महाचैत्य र बौद्धनाथमा पनि बलि चढाउन लगाएको सुनिन्छ । पश्चात् शल्मी नामक नेवार भिक्षुको आग्रहमा श्री ३ जुद्ध शम्शेरले बौद्धमा गर्ने बलिपूजा बन्द गराएको कुरा छ तर स्वयम्भूको वायुपुरमा गर्ने बलिपूजा बन्द गरेको संकेत पाइदैन ।

ऐतिहासिक भ्रमणका सिलसिलामा संयुक्त-राष्ट्रसंघका महासचिव स्व. श्री (ऊ) थान्त, श्री कूर्टवाल्ड हायम र श्री कोरियाले क्रमश: लुम्बिनीको दर्शनार्थ आ-आफ्नो श्रद्धा व्यक्त गर्नु भएका थिए । त्यस्तै श्रीलंकाका राष्ट्रपतिहरू, जापान र थाइल्याण्डका युवराज तथा प्रधानमन्त्रीहरू, युनेस्कोका कार्यकारिणी निर्देशक श्री यम बाउ लगायत विभिन्न देशका राष्ट्रप्रमुखहरूले दर्शनार्थ लुम्बिनी भ्रमणमा आएका थिए । यसबाट प्रत्यक्ष र अप्रत्यक्षरूपमा बुद्धका जन्मस्थल लुम्बिनीको विकासक्रममा प्रभाव पार्ने काम भएको छ । यतिमात्र नभइ भगवान बुद्धलाई मानव इतिहासले अति प्राचीन युगैमा युद्धको भत्सर्ना गर्ने र विश्व शान्ति तथा भातृत्वको संस्थापन गर्नमा विशेष योगदान दिने महान व्यक्तिको रुपमा मान्यता दिदै संयुक्तराष्ट्रसंघले सन १९७० ताका लुम्बिनीलाई एउटा अन्तर्राष्ट्रिय पुण्यस्थलको रुपमा विकास र संरक्षण गर्ने निर्णय गरेको तथा जापानका टोकियोमा भएको १२ औं विश्वबौद्ध सम्मेलनले सन १९७९ लाई लुम्बिनी बर्षको रुपमा मनाउने प्रस्ताव पारित गरे अनुसार संसारभर लुम्बिनी वर्ष व्यापक रूपले मनाइएको छ । सन १९६७ मा श्री ५ महेन्द्र र संयुक्तराष्ट्रसंघका महासचिव ऊथांत बिच लुम्बिनीको भविष्यको गुरुयोजना सम्बन्धमा फलदायी छलफल भएको तदनुसार प्रो. केन्जो टाँगेद्वारा सन् १९७२ मा लुम्बिनी गुरुयोजना तयार भइ धीमिगतिमा भएपनि लुम्बिनीमा केहि विकास कार्यहरू भएको छ तथा लुम्बिनीमा विभिन्न बौद्ध देशहरूले शान्तिस्तूप, विहार र गोम्पाहरू स्थापना गरेर श्री ५ को सरकारलाई संस्कृति र मानवीय रुपमा दवाव दिने तथा नेपालका बौद्धहरूका मानसिकता बढाउने काम गर्नुभएको छ । त्यसैगरी २ वर्ष अघिदेखि संयुक्त-राष्ट्रसंघले बुद्ध जयन्तीका दिन विश्वभरी एकदिन बिदा दिने घोषणा गरेर बुद्धलाई साँच्चिकै विश्व शान्तिका अग्रदूतको रुपमा मान्ने गरेका छन् । नेपालमा पनि धर्मोदय सभाको आयोजनामा वि.सं. २००४ सालमा चौथौं विश्व बौद्ध सम्मेलन आयोजना गर्दा स्व. श्री ५ महेन्द्र वीर विक्रम शाहदेवबाट रु ३ लाख प्रदान गर्नुभएको थियो । त्यसैगरी धर्मोदयसभाको आयोजनामा २०४४ साल देखि २/२ बर्षमा राष्ट्रिय बौद्ध सम्मेलन आरम्भ गर्ने गरेको र श्री ५ को सरकार, संस्कृति तथा पर्यटन मन्त्रालयको आयोजनामा वि.सं. २०५५ साल मंसिर महिना देखि लुम्बिनीमा २/२ वर्षको अन्तरालमा विश्व बौद्ध शिखर सममेलन प्रारम्भ गर्ने गरेको, सन १९६७ डिसेम्बर ४ तारिख देखि बुद्धको जन्मभूमि लुम्बिनीमा लुम्बिनीदिवसका रुपमा मनाउने गरेको छ । त्यसैगरी नेपालका उत्तरी हिमालीक्षेत्र लगायत अधिराज्यभरका विभिन्न स्थानमा छरेर रहेका गोम्पाहरूको संरक्षण र सम्बर्धन गर्न श्री ५ को सरकारले स्थानीय मन्त्रालय अर्न्तगत गुम्बा व्यवस्था तथा विकास समिति गठन गरी केहि राहत उपलब्ध



Downloaded from http://www.dhamma.digital

गराइरहेको छ । सन १९२१ तिर तिब्बती गुरु र काठमाडौंको नेवार साहुहरूका मातहतमा स्वयंम्भू महाचैत्य र वि.सं. २०२३ सालमा बौद्धनाथ (ज्हरोङ खशोर) को जिर्णोद्धार गरेको थियो । सन १९५९ तिर हिमालबाट उँधो झरेको विद्वान तिब्बती लामा र श्रीलंका र थाइल्याण्ड, बर्मा आदि देशबाट विद्या हासिल गरी आउनुभएको थेरवादी भिक्षुहरूको समुपस्थितिले गर्दा अज्ञानवश काटमार गरी पूजा आजा गर्ने लामा पुरोहितहरूको पूजा विधिमा सुधार भएको छ । बुद्ध पूर्णेको दिन परम्परागतरुपमा मान्दै आएका राई लिम्बुको चण्डी पर्व र क्षत्री बाहुनले गर्दै आएको देवाली अन्य तिथिमा सारेर बुद्ध प्रति सच्चा भक्ति देखाएका छन् । नेपालमा २१ औं शताब्दीको केहि उपलब्धी मान्न सकिन्छ यो ।

### धर्मनिरपेक्ष

वि.सं. २०१९ सालसम्म नेपालको संविधानमा "हिन्दु अधिराज्य" भनी कतै उल्लेख नभएपनि अन्य कानूनको दृष्टिमा नेपाल हिन्दुराज्य नै थियो । नेपालको इतिहासमा पहिलो पटक "नेपाल अधिराज्यको संविधान २०१९" मा नेपाललाई संबैधानिक रुपमा "हिन्दु अधिराज्य" घोषणा गरियो । यतिमात्र नभई २०१७ सालमा प्रजातान्त्रीक सरकारलाई हटाईसकेपछि २०१९ सालमा जारीगरी पटक-पटक संसोधन गरिएको नेपालको संविधानको धर्म सम्बन्धि हकका महलमा "प्रत्येक व्यक्तिले परम्पराका मर्यादा राखी सन्तानदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र आफ्नो धार्मिक कृत्य गर्न पाउने छ ।" भनी उल्लेख गरी राखेको भएपनि "नेपाल एउटा हिन्दु अधिराज्य हो" भनेर अप्रजातान्त्रीक जगको शुरुवात गरियो भनिएको छ । नेपालको सन्दर्भमा हिन्दु धर्म बाह्यि (प्रदेशी) धर्म हो र भगवान बुद्धका मातृभूमि नेपाललाई हिन्दुराज्य घोषित गर्नु आफैमा एउटा विडम्बना हो भन्न सकिन्छ । २०४६ सालको जनआंन्दोलनपछि स्वाभिमानी नेपाली जनताले धर्म निरपेक्ष संविधानको माग गरी देश व्यापी जनआन्दोलन गरेको हजारौं बर्षको नेपाली इतिहासमा अभूतपूर्व घटना हो । २०४७ सालमा नेपालको नयाँ संविधान बन्दै थियो । त्यसताका नेपाल एक धर्म निरपेक्ष देश हुनुपर्दछ भन्ने जनस्तरबाट ठूलो आवाज उठ्यो । लाखौं जनताको सडक आन्दोलन भयो । सो आन्दोलन चर्केपछि तात्कालिन सत्तापक्षका उच्चपदासिन नेताहरूले सार्वजनिकरूमा नेपालको संविधानमा "हिन्दुराज्य" रहिरहनेछैनन् भनी विश्वास दिलाए । हिन्दुराष्ट्र बनाउँदा जनता आन्दोलित नहोस् भनेर त्यतिबेला नेताहरूले भनेका थिए "संविधान आउन दिनुस्, निर्वाचित सरकार बनाओस् अनि यो अप्रजातान्त्रीक वाक्यांशलाई हटाउनेछौं" सोहि अनुरुप जनआन्दोलनको मर्मलाई मनन गरी २०४८ सालको हिउँदे अधिवेशनमा सांसद् भिक्षु अश्वघोषले संविधानमा रहेको "हिन्दुअधिराज्य" शब्द हटाई "धर्म निरपेक्ष राष्ट्र" राख्न संविधान संशोधन गर्ने प्रस्ताव अगाडि सार्नुभयो । तर प्रजातान्त्रीक सरकारले उक्त विधेयक माथि छलफल नै नगरीकन विथोलेको देखिन्छ ।

नेपाल हिन्दुराज्य घोषणा भएकै कारण पोखरामा ३५ फिट सम्म निर्माण भइसकेको "विश्व शान्ति स्तुप" लाई सेनाको प्रयोग गरी भत्काइयो र सो "शान्ति स्तुप" प्रजातन्त्रको पुनर्वहाली पश्चात् निर्माण गरिंदापनि अनेक बाधा अड्चन तेर्स्याइएको आयोजकहरूको मुखबाट सुन्न पाएँ । लुम्बिनीमा विश्व शान्ति स्तूप स्थापना गर्ने कार्यमा लागिरहेको जापानी भिक्षु नावातामेको २०५४ साल सावन १२ गते निर्ममता पूर्वक हत्या भएको हामीलाई थाहा भएकै कुरा हो । यस घटनाहरूबाट अझै हिन्दुहरूको बौद्ध धर्म र थेरवादी भिक्षुहरू प्रतिको सोचाइमा परिवर्तन नभएको बुझिन्छ । नेपालका बौद्धहरूको जनसंख्याको बारेमा के कुरा गरौं ? "अमेरिकाको एउटा पत्रिकाले धेरैदिन पहिले नै नक्सा सहित नेपालको बौद्ध जनसंख्या ५० प्रतिशत भएको ब्यहोरा प्रकाशित पारेको थियौं भनी तत्कालिन राष्ट्रियसभाका सांसद् भिक्षु अश्वघोष महास्थविरले वताउनुभएको थियो (धर्मकृति १९९४) तर नेपालमा ५ दशक अघिदेखि मात्र आरम्भ गरेको पहिलो राष्ट्रिय जनगणना २००८ सालमा नेपालमा बौद्धहरूको प्रतिशत १७ देखाइएको थियो । यसलाई कुनै बौद्ध संघ संस्थाबाट विरोध नभएको कारण निसंकोच बौद्धहरूको जनसंख्या घटाउँदै वि.सं. २०१८, २०२८ र २०३८ सालका जनगणनाहरूमा बौद्धहरूको प्रतिशत क्रमश: १३, ७ र ५.३ मा झरेको थियो । त्यसपछि बौद्ध संघ संस्था र बुद्धिजीविवर्गबाट आवाज उठाउन थालेपछि २०४८ सालमा बौद्धहरूको प्रतिशत २.५ बढाएर ७८ प्रतिशत पुऱ्याएको छ । यसरी सुनियोजित तरिकाले बौद्धहरूको जनसंख्या दिनप्रतिदिन घटाउँदै लानुको अर्थ घोषित

हिन्दुअधिराज्यलाई वैधता दिइरहनु, विदेशी हिन्दुधर्मलाई मात्र काखी च्याप्नु र नेपाल आमाका सुपुत्र गौतमबुद्धले आविष्कार गरेको बौद्धधर्म लगायत अन्य धर्मावलम्वीहरूलाई पाखा पार्ने रणनीतिलाई दरिलो बनाउनु हो भन्दा केहि फरक नपर्ला । त्यस्तै ७० प्रतिशत भन्दा जनसंख्या कम नभएको नेपालका मंगोल मुलका आदिवासी जनजातीहरूको समस्या छ ।

नेपालमा राणा शासनको पतनसँगै स्थापना भएको धर्मोदय सभा नेपालका सबभन्दा ठूलो बौद्ध संस्था हो । यसको आयोजनामा दुईपटक विश्व बौद्ध सम्मेलन सम्पन्नभएको छ तर यसले नेपालका सबै बौद्ध निकाय र संघ संस्थाहरूलाई समेट्न सकिरहेको छैन । तसर्थ यसको स्वरूप एउटा जातीय संस्था जस्तो भएको छ र यो आज सम्म आफ्नै खुट्टामा उभिन पनि सकिरहेको छैन । २१ औं शताब्दीमा नेपालमा संख्यात्मक रुपमा धेरै महायान गोम्पा र थेरवाद परम्पराका विहारहरू स्थापना भएका छन् । यो बौद्धहरूका लागि गौरव गर्ने विषय भएको छ तर त्यो गोम्पा (अरण्य, तपोवन, आनन्दकुटी, सुनसान र शान्तिमयस्थान) नभएर राजा महाराजाको किल्ला (Fort) जस्तो भएको पाउँदा साधारण भक्तजनमा धर्मप्रतिको आस्था प्रतिदिन कम भइरहेको छ । उपर्युक्त गोम्पा र विहारहरूमा वंश परम्पराका शैक्षिक अध्ययन अध्यापन संचालन भइरहेको छ तर सबै बौद्ध निकायलाई मान्ने हुने किसिमका आधिकारिक बौद्ध शिक्षण संस्था स्थापना गर्न सक्षम भएको छैन ।

जसरी तिब्बतमा ९ औं शताब्दीको अन्त्यतिर अधर्मी राजा लाङदर्माले बौद्ध धर्म विनष्ट गर्ने र भिक्षुहरूलाई देश निकाला र भेष परिवर्तन गराउँदा केहि भिक्षुहरू गृहस्थी उपासकको रुपमा रहेर धर्मको संरक्षण गरेको कहानी छ । त्यस्तै नेपालमा हिन्दु शासकहरूले भिक्षुहरू विरुद्ध कमद चाल्दा महायानी र बज्रयानी कुलको भिक्षुहरूले पनि सामान्य गृहस्थीको रुपमा रहेर बौद्ध धर्म संस्कृतिलाई संरक्षण र सम्बर्द्धन दिइएको अनुमान लगाउन सकिन्छ । परिस्थिति अनुसार बौद्धहरूलाई महायान, हिनयान, बज्रयान, सहजयान जे भने पनि यिनीहरू बुद्धका चार महापरिषद भित्र रहेर त्रिरत्नशरणगमन र त्रिपिटकको अनुसरण गर्नेहरू मात्र भएको हुँदा थेरवाद पक्षबाट महायानीहरूको नियम (शील) नै छैन, बज्रयानीहरू बौद्ध नै होइन भन्नु बौद्ध धर्ममा विसंगति निम्त्याउनु छिटो भएको हो कि जस्तो लाग्छ । त्यसैले म र म जस्तो व्यक्तिले मेरो शासनको विनष्ट गर्छ अरुले गर्न सक्दैन" भन्ने बुद्धका अमर सन्देशहरूको स्मरण गरेर त्यसैगरी गेदुन थुन्पा देवाते (संघ मिल्नु सुख हो) भन्ने बुद्ध शिक्षाको अनुशरण गरी बौद्धहरूले साम्प्रदायिक कुरा नगरेर एक अर्का प्रति सद्‌भावना राख्ने, भिक्षुहरू विवाद गरेर तँ छाड म छाड गर्ने होइनकि जेष्ठताको हिसावले, गुरुत्वको भावनाले एक अर्काको आदर सम्मान गर्न सकेमा अनगारिक भिक्षु जीवनको अर्थ हुनेछ र बुद्धका बहुजन हिताय बहुजन सुखायको धर्ममन्त्रलाई आत्मसात गरेको मानिन सकिन्छ ।

**॥ भवतु सर्व मंगलम् ॥**

**✲ धर्मकीर्ति विहार ✲** —————— **गतिविधि**

**बुद्ध पूजा, धर्मदेशना एवं अस्पतालमा विस्कुट वितरण**

२०६० जेठ २ गते । २५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा बिहान धर्मकीर्ति बिहारमा बुद्धपूजा र धर्मदिशना कार्यक्रम सम्पन्न गरियो । तत् पश्चात् दिउँसो वीर अस्पतालका बिरामीहरूलाई बिस्कुट वितरण गर्ने कार्य पनि सम्पन्न गरिएको छ । धर्मकीर्ति विहारले हरेक बुद्ध पूर्णिमाको अवसरमा अस्पतालहरूमा बिस्कुट वितरण गर्ने यस कार्यले धेरै वर्ष अगाडि देखि निरन्तरता कायम गर्दै आएको छ । यस कार्यक्रममा धर्मकीर्ति विहारका गुरुमाँहरू र उपासक उपासिकाहरूले चन्दा दिई सहयोग गर्दै आएका छन् ।

---

१. लामा सन्तवीर, तम्बाकइतेनव्हाई रिमठिम, काठमाडौं वि.सं. २०४०
२. डा. हर्क गुरुङ, प्रथम राष्ट्रिय बौद्ध सम्मेलन, काठमाडौं २०४४
३. कइरन मासिक पत्रिका काठमाडौं २०४९ पृ. २४
४. धर्मोदय, षटमासिक पत्रिका वि.सं., २०५५ काठमाडौं
५. बुद्धाचार्य शाक्य, नेपालमा थेरवादको प्रसंग, धर्मोदय २०५५
६. डा. सुमन कमल तुलाधर बुद्ध धर्ममा नेपालका अनगारिकहरूको देन, महिला धर्म निर्पेक्ष विशेषांक, धर्मकीर्ति, सने १९९७
७. भिक्षु कोण्डन्य, बुद्ध विहार, भृकुटी मण्डप
८. आनन्द भूमि बु.सं. २०४५
९. लोक बशादुर शाक्य, धर्मकीर्ति, धर्म निर्पेक्षता विशेषांक, बु.सं. २५३८



Downloaded from http://www.dhamma.digital

**सप्तरत्न धन - २**

# श्रद्धा–२

✍ प्रकाश बज्राचार्य

## शील

रूपवती र गुणवती दुई दिदी बहिनी काग र बकुला जस्तै फरक छन् । तर एउटै छाप्रोमा बसि हुर्केका । रूपवतीमा आफ्नो नाउँ अनुसारको रूप छ । साँच्चै कहीं जिस्क्याउने ठाउँ नै छैन, छुँदाखेरि नै बिग्रिएला जस्तो शायद भगवान्ले (?) उनलाई फुर्सदमा बनाएको हुनु पर्दछ भएभरको सौन्दर्य उसमा अर्पित गरेर । तर उसलाई बनाउँदा भगवान्ले रक्सी पिएको हुनु पर्दछ । किनभने रूपवती जति हिसि परेकी थिइन् त्यति नै चालचलन राम्रो थिएन । उ आफ्नो रूपप्रति धेरै घमण्ड गर्थी "आचरण (चाल चलन) के गर्नको लागि ? आचरणले खुवाउन आउँछ ? आचरण काम लाग्दैन, सौन्दर्य नै केटीहरूको गुण हो" भन्ने उसको विचार छ ।

नाउँ सुहाउँदो बहिनी गुणवतीको चाल चलन ज्यादै नै राम्रो छ । दिदी जस्तै सौन्दर्यले भरिपूर्ण त थिइन । तर हेर्न नहुने गरी नराम्री पनि थिइन । रूपवती र गुणवतीलाई एउटै घरमा सृष्टि गरेर (?) शायद प्रकृतिले रूप र शीलको परीक्षा गर्न लागेको जस्तो छ ।

आज उनीहरूको घरमा पाहुनाहरू आइरहेका थिए छन्– शहरको नाउँ चलेका साहु धर्मानन्द र उसको छोरो समेश । उनीहरू त्यहाँ ती दुई दिदी बहिनीरूलाई हेर्न आएका हुन् दुईजनामध्ये एकसंग समेशले विवाह गर्ने रहेछ ।

आमा बाबु र पाहुनाहरू बसेको कोठामा गुणवती चिया लिएर भित्र पस्दछिन् । पाहुनाहरूलाई आफूले चिया दिन्छिन् । त्यसपछि पारिवारिक कुराकानी भयो । निहुरिरहेकी गुणवतीको चहकिलो अनुहार समेशले बराबर चिहाएर हेरिरहेका छन् । चिया पिइसकेपछि गुणवतीले कपसप सबै बटुलेर एक ठाउँमा राख्दछिन् । त्यसैबेला साहु धर्मानन्दले सोधे– "नानी तिमीले कति पढेकी छौ ?"

विस्तारै सानो स्वरमा उत्तर दिन्छिन्– "आई.ए. सम्म । साहुले फेरि सोधे– "बाँकी किन नपढेकी ?" फेरि उत्तर दिन्छिन्- 'घरको परिस्थितिले गर्दा । फेरि साहुले सोधे– "के के काम गर्न सक्दछौ ?" यस प्रश्नको उत्तर आमा चाहिँले दिन्छिन् । गुणवतीको गुण र शिल्पकला सबै साहुलाई बताइदिए । त्यसैबेला झलक्क सूर्य उदाए जस्तो हतार हतार गरी रूपवती कोठामा प्रवेश गरी चारैतिर हेरी । बस्नका लागि मेच नदेखेर सरासर समेशसंगै खाटमा बस्न जान्छिन् । यो देखी बाबुको अनुहार मलिन भयो । उसले आफ्नी जेठी छोरीको परिचय दिए । समेशले सोधे– "तपाईंले कति पढ्नु भएको छ ?"

रूपवतीले जवाफ दिँदैनन् । लाज माने जस्तो गरी निहुरी नक्कल पार्छिन् । स्थिति बरू हास्यास्पद हुन्छ । आमा चाहिंले भन्दछिन्– "के लाज मानेकी ? त्यस्तोबिना लाज मान्नु पर्दछ ?" रूपवतीले च्वाट्ट जवाफ दिन्छीन्– "भविष्यमा हुने लोग्नेको अगाडी लाज मान्नु पर्दछ भनेर साथीहरूले भनेको ! नत्र मलाई पनि लाज मान्नु कहाँ मन पर्छ र !"

जवाफ सुनेर सबै छक्क पर्छ । आमा चाहिँले मुख रातो पार्छिन् । बाबु चाहिँले छिटो छिटो विषय बदलेर बोले "साहुजी आजकाल व्यापार कस्तो भइराखेको छ ? पारिवारिक कुराबाट व्यापारिकतिर विषय मोडियो ।

त्यसै पनि राम्री रूपवती त्यसमाथि पनि आज विशेष गरी कपाल कोरिराखेकी छीन् । रूपवतीको मनमा आफ्नो रूपको जालमा जरूर समेश पर्दछ भन्ने विश्वास थियो । अलिकता पनि लाज नमानि साथी भाईसंग बसे जस्तो गरी बसिराखेकी छिन् । उसको आँखा बारम्बार समेश कहाँ पुग्दछ । एकचोटि दुवैको आँखा जुधे त्यसबेला रूपवती मुसुक्क हाँसे । समेशलाई के गरूँ के गरूँ हुन्छ । छिटो छिटो आँखा अन्त मोडे ।

हुनेवाला सम्धि बीच विभिन्न कुराकानी भइराख्यो; साहु धर्मानन्दले खल्तीबाट चुरोट झिकी रूपवतीका बाबुलाई दियो आफूले पनि एउटा मुखमा च्यापे । त्यसैबेला चट्ट रूपवतीले पनि एउटा चुरोट मागे ।

सबै आश्चर्य ! आमा बाबुले मुख रातो पऱ्यो । साहुजीले खुरुक्क एउटा चुरोट रूपवतीलाई दिए । सुइँक्क चुरोट तानी धुवाँ फ्वास्स फ्याँक्छे समेशले मुख अँध्यारो पारेर भने– "धुवाँ अलि उता फ्याक्नु होस् !" "किन धुवाँको गन्ध मन पर्दैन ?" झन नजीक आएर रूपवतीले उत्तर दिए । नजीक आउँदा रूपवतीको मुखबाट रक्सीको गन्ध आयो । त्यसपछि त समेश बस्न नै सकेन । बाबु छोरा छिटो छिटो विदा लिएर गए । यसरी मुख हेर्ने काम सिद्धियो ।

छोरीलाई केही भने रिसाउली भनेर रूपवतीलाई कसैले पनि केही भनेन । उसको चाल चलन सबैलाई थाहा थियो । त्यसै पनि उ एउटी नारी । बरू गुणवतीलाई आमा चाहिनेले सोधी- "भोली बिहान विहारमा जाने होइन ?" गुणवतीले भनिन्– "जाने नि ! आमा र मसँग जाउ दिदी पनि आउँछे की ?"

"नाइँ म त्यो भिक्षु भाक्षुकहाँ जान्न । खालि

कुरामात्र गरेर खानेहरू त हो नि उनीहरू। कथा सुन्दैमा पेट भरिने होइन।" संगै बसिराख्ने बाबु चाहिँले रक्सीको गन्ध थाहा पाउना साथ भने– "फेरि रक्सी चोरेर आएको ? हरे भगवान् यस्तो केटीलाई कसले लैजान्छ ?"

रूपले हाँसी– "किन लैजादैन ? ममा यस्तो सौन्दर्य भएसम्म केको पीर ? तपाईंले मात्र भन्नुस्, अहिले नै ५० जना ज्वाइँ ल्याई दिउँ ?" बाबुचाहिं निरुत्तर भयो। चुप लागेर बस्यो।

"हिजो सप्तरत्न धनमध्येमा श्रद्धाको कुरा भनें। आज त्यसपछिको शील धनको बिषयमा भन्दछु।" मधुर स्वरमा भिक्षु धर्मालोकले सबैले सुन्ने गरी भन्नुभयो। धर्म उपदेश सुन्न श्रद्धालुहरू भिक्षुको चारैतिर बसिराखेका थिए। त्यसै भीडमा गुणवती र उसकी आमा पनि थिए। एक कुनामा सधैं जस्तो चिन्तनशील भएर ध्यान दिएर आनन्दरत्न बसिराखेको थियो।

भिक्षुले शुरु गर्नुभयो– "शील भनेको के ? असल नियम नै शील हो। खराब पाप कर्मदेखि टाढा रहनु नै शील हो। व्यवहारिक रूपमा भन्ने हो भने असल आचरण, असल बानी नै शील हो। शील सबै गुण धर्मको टाउको हो। शील नभए अरू गुणहरू भए पनि विग्रेर जान्छ। विभिन्न गुण र निर्वाण प्राप्त गर्न सबभन्दा पहिला आचरण नै राम्रो गर्नु पर्दछ किनभने शील गुण मोक्षको जग हो। जग नभई घर बनाउन सकिंदैन।

शील एउटा चित्रकारको त्यो कलम हो, जसले सुन्दर चित्रहरू कोर्दछ। शील नै हाम्रो जीवनको साँचैको सुन्दरता हो, रूप होइन। शील राम्रो भए जीवन राम्रो भएर जान्छ। नत्र जीवन पतन भएर जान्छ। बानी राम्रो भए धन बढेर जान्छ। शील त्यो कमलको फुल हो, जसले परस्पर दयाको सुगन्ध फैलाई राख्दछ। शील त्यो फोहरा हो, जसबाट संधै मैत्रीत्व निस्किरहन्छ। शील भएको मान्छेलाई सबैले मन पराउँछ।"

त्यसैबेला "हे, हे, यहाँ नआउ !" "हेर, हेर जुत्ता याद गर !!" ए ? त्यसलाई यहाँ नल्याउ" आदि कोलाहल भयो। डरलाग्दो स्वर आयो– "ए..., आउँछस् यहाँ ? खुट्टा भाँचिदिन्छु।" एउटा फोहरी केटो त्यो कथा भनिराखेको ठाउँमा आउन लागेको हुनाले सबैले धपाउन लागेको थियो। त्यो केटोले जहाँ पनि जुत्ता चोर्ने रहेछ। त्यो कुरो भिक्षु कहाँसम्म आइपुग्दछ। हल्ला शान्त भएपछि भिक्षुले भने– "उपासक, उपासिकाहरू। त्यो भाईको शील राम्रो छैन। बानी, आचरण ठकि छैन, शील पनि छैन। त्योसँग छ चोर्ने बानी। यसरी आचरण नराम्रो भएको हुनाले त कसैले मन पराएन। आचरण नराम्रो शील नभएकालाई कसैले मन पराउँदैन्।

"धर्मालु साथीहरू असल शील तीन प्रकारको हुन्छ। ठीक किसिमले काम गर्ने, ठीक किसिमले कुरा गर्ने, ठीक किसिमले जीवन बिताउने। हामीहरूले खराब आचरण तीन प्रकारले गर्दछौं– शरीरद्वारा, बचनद्वारा र मनद्वारा। शरीरद्वारा गरिने नराम्रो आचरण हो। मार्ने, चोर्ने र कुव्यवहार गर्ने आदि। जुन व्यक्तिले चोर्दछ त्यसलाई सबैले तिरस्कार गर्दछ। जस्तो– अधिको मान्छेलाई जसले अरूलाई मार्दछ, हिंसा गर्दछ, त्योदेखि सबै डराउँछ, त्यसलाई धिक्कार छ। त्यस्तै जसले अर्काको चेलीबेटी उपर कुनियत राख्छ त्यो मान्छेलाई कसैले मन पराउँदैन। अर्काको लोग्ने वा स्वास्नीसंग अनुचित व्यवहार गर्ने मानिसलाई सबैले हेप्दछन् समाजले तिरस्कार गर्दछ। बकुलाको बीचमा काग जस्तो सबैले मन नपराएर बस्नुपर्ने हुन्छ...।"

कथा सुनिराख्नेहरूले हो जस्तो गरी टाउको मात्र हल्लाइराखे। मखमलि साहुकी छोरीलाई नराम्रो व्यवहार गर्नेलाई अनुहारमा कालो मोसो दली देश डुलाएको धेरैले सम्झे।

भिक्षुले भन्दै जानुभयो– "... त्यस्तै भए नभएका कुरा लगाई दिने, कडा वचन बोल्ने, चाहिने नचाहिने कुरा गर्ने यी सबै वचनले गर्ने पापकर्महरू हुन्। यस्ता व्यक्तिहरूले आफ्नो कर्मको फल भोग्नै पर्दछ। कसैले पनि मन नपराई बस्नु पर्दछ।"

कुनामा बसिराख्ने एउटी बुढीले पनि सम्झ्यो, उसको छोरा मनहरले "देवनारायणले तिम्री स्वास्नीलाई रण्डी भन्यो" भनेर गजेन्द्रकहाँ कुरा लगाउन गयो। पछि देवनारायणले थाहा पाएर मनहरलाई लात हान्यो। त्यसपछि गजेन्द्रले पनि "मेरी स्वास्नीलाई त्यस्तो भनेको नै छैन" भन्ने थाहा पाए। झगडा गराउन झूठा कुरा गर्न आएको भनेर दाँत आठवटा झर्ने गरी मनहरलाई पिट्यो।

शिवकुमारले पनि आफ्नी आमालाई– "मेरी स्वास्नीको दाइजो न हो, तँ बुढीले छुन पनि पाउँदैन भनेर कडा वचन बोलेको सम्झ्यो त्यही झगडाको पीरले उसकी आमा रोग लागेर मरी।

दिलबहादुर ज्यापुले पनि सम्झे– "तीन महिना अगाडि उसकी स्वास्नीले भन्दा भन्दै पनि नटेरी आँगनमा घाम तापि गफ गरी राखेकोले गहुँ काट्न ढिला भयो। पछि असिना परि आधा गहुँ खेर गयो च्च च्च।"

भिक्षुले सुनाउँदै जानुभयो- "त्यस्तै मनले गर्ने नराम्रो आचरणहरू के के हो ? तिनीहरू हो– लोभ, रिस, नराम्रो विचार। मान्छेमा जति जति लोभ बढ्दै जान्छ। त्यति त्यति अर्को चाहिन्छ। यसले गर्दा कहिले पनि सुख हुदैन। लोभीहरूलाई मनपराउने एकजना पनि हामीले भेटाउन सकिदैनौं। त्यस्तै रिस उठ्यो भने रिसले हामीलाई बसमा लिन्छ। होश हुदैन ठीक बेठीक



Downloaded from http://www.dhamma.digital

छुट्याउन सकिंदैन । रिस भन्ने मूर्खताले गर्दा शुरु हुन्छ । अनि पश्चातापमा अन्त हुन्छ । त्यस्तै नराम्रो विचारले नै हामीलाई नराम्रो फल दिन्छ । आगो भनेको चिसो भनेर विचार गर्नेलाई आगोले पोलिहाल्छ ।"

यसमा पनि प्रतिकृया शुरु हुन्छ । जगत दाइको मनमा बिज्दछ– "चिट्ठा पार्ने लोभले गर्दा नै उसकी स्वास्नीको कान बुच्चिएको हो नि ! अस्ति मात्र तुल्सिले इन्द्रको भकुण्डो लोभले सुटुक्क लुकाएर ल्यायो । पर्सिपल्ट सिस्नु खानु पऱ्यो ।" मुँदे जुँगा भएको ड्राइभर दाइलाई पनि पश्चाताप भयो– "आफ्नो छोरा स्कूल गएन भनेर रिसले भऱ्याङबाट खसालेको त खुट्टै भाँचेर भन तीन महिनासम्म स्कूल नै जान सकेन । हजारौं रूपिया खर्च भयो । पछि मात्र थाहा भयो कि बिदा भएको हुनाले डुल्न गएको रहेछ ।"

खिचिखिचि नानिथकुंले पनि आफ्नो टाउको थोक्यो, "हो, बा ! अस्ति मात्र हारांचाले पूर्णिमाको दिनमा बोकालाई भोग दिए रोगबाट निको हुन्छ भनि विश्वास गरे । तर हारांचा पनि मऱ्यो, बोका पनि सित्तै भयो, उसको बाबु पनि बुद्ध जयन्तिको दिनमा हिंसा गऱ्यो भनि जेलमा पऱ्यो । नभएको अन्ध विश्वासमा पर्नाले भ्रष्ट भयो ।"

भिक्षुको प्रवचन भई नै राख्यो– "आचरण मान्छेको त्यो गहना हो जसले उसको सौन्दर्य बढाई दिन्छ । जुन हराउँदैन, बिग्रन्दैन चोरी हुँदैन । भनौं यहाँ एकजना थुक मात्र थुकी राख्ने मान्छे छ । त्यस्तो व्यक्तिसंग कोही बस्न मन पराउँछ ? नराम्रो आचरण भएकोसंग कोही पनि बस्न मन पराउँदैन । "त्यस्तै आचरण त्यो शक्ति हो जसले हाम्रो साथीहरू बदाई, सहायक र रसक बनाउँछ, धन, सुख र ऐश्वर्य उत्पन्न गर्दछ । ठूल-ठूलो विपत्तिको पर्खाल पनि शीलले फुटाउँछ । शील त्यो हिरा हो जसले हात खुट्टा बाँधिराखेको बन्धन सबै काट्दछ । शील त्यो अंकुश हो जसले हात्ती मात्र होइन, देवता र मानछेहरू समेतलाई आफ्नो बसमा ल्याउँछ । ज्ञान छ, रूप छ, धन छ, तर शील छैन भने त्यो व्यक्ति बास्ना आउने लाश बराबर हो । हेर्दा राम्रो तर काम मलाग्ने । त्यसैले हामीलाई शील धन नभई हुँदैन । शीललाई हामीले बहुमूल्य धन सम्झेर बचाई राख्नु पर्दछ । जस्तो एउटा मात्र आँखा भएकाले आफ्नो आँखा बचाउँछ । त्यस्तै... ।"

"भन्ते ! आजकल जसले नराम्रो बाटोमा लागेर धन कमाउँछ, त्यही धनी, त्यही नै सुखी । शील चाहिन्छ भनेर कसरी भन्ने ?" आनन्दले आफुसंग डुलिराख्नु भएका भन्तेलाई सोधे ।

भन्तेले जवाफ दिनुभयो-"त्यस्ताका मनमा सन्तोष हुँदैन । दुश्मनहरू धेरै हुन्छ । सबैले शंका गराई बस्नु पर्दछ । अरूले विश्वास गर्दैन । के यस्तो जीवन मज्जा आउँछ ? "धेरैले मन पराई इमान्दारी भनाएर बाँच्नु नै रमाइलो जीवन हो ।" "तर पैसा भएपछि शील के गर्नको लागि ? धनी व्यक्तिलाई आचरण नराम्रो भए पनि के भो र ?" आनन्दरत्नले फेरि सोधे ।

जवाफ दिन लाग्नु भएको भिक्षुले अगाडि हुल देखेर भन्नुभयो– "आनन्दरत्न त्यहाँ के भइराखेको ? एकचोटि बुझेर आउ ।"

आनन्द गयो । हाँस्तै फर्के र भन्यो– "लोग्ने स्वास्नीको झगडा भन्ते । त्यो ठूलो घर स्वास्नी चाहिँको दाइजो रहेछ । लोग्ने चाहिंले जुवा खेलि हराइदिएछ । त्यहि कुरामा स्वास्नीले कठालो समातिराखेकी रहेछिन् ।"

अलि अगाडि सरेर भन्तेले भन्नुभयो– "हेर यदि लोग्नेको आचरण राम्रो भएको भए यस्तो हुन्थ्यो ? आचरण नराम्रो भएकोले धन समेत सिद्धियो । त्यसैले पैसाभन्दा शील आवश्यक हुन्छ ।"

जाँदा जाँदा एउटा गल्लीमा 'सुईइइ' सिटी बजाएको आवाज सुनेर आनन्दले फरक्क फर्केर हेऱ्यो । एउटा साहू जस्तो देखिने छ्याकेले गल्लीमा बसी झ्यालमा बसिरहेकी नारीलाई ईशारा गरिराखेको देखे । यस दृश्यको सन्दर्भमा भन्तेले भन्नुभयो- "ल हेर, केटीले केटाको धनमात्र हेऱ्यो, आचरण हेरेन । केटाले रूप मात्र हेऱ्यो केटीको आचरण हेरेन । अहिले त के प्रेममा फसेर विवाह गर्दछ । पछि केटीको रूप नभएर जान्छ । पितलमा सुनको पालिश गए जस्तो उसको नराम्रो आचरण सबै देखिन्छ । त्यस्तै केटीले पनि केटाको धन नभएपछि उसको छ्याके अनुहार पनि देख्दछ र केटी फकाएर हिंड्ने भनेर थाहा पाउँछ । त्यसैले हामीलाई रूप र धन पहिला होइन । हामीलाई शील नै चाहिन्छ । धन र रूप चाहिं नचाहिने होइन । शील चाहिन्छ, त्यसपछि मात्र रूप र धनको महत्व हुन्छ । आनन्द– "नराम्रो आचरणको फल भोग्नुपर्छ र भन्ते ?"

भिक्षु– "तिमीले त्यहाँ एकजना बच्चालाई मान्छेले पिटिराखेको देख्यौ ?"

आनन्द– "देखें भन्ते ! शायद भोगटे चोरेको हुनाले पिटेको हुनुपर्दछ । सधैं चोर्न जाने ।"

भिक्षु– "त्यही नराम्रो आचरणले गर्दा पिटाई खानु पऱ्यो । त्यसैले नराम्रो आचरणको फल भोग्नु पर्दछ ।"

दुइजना एक ठाउँमा पुग्दा एउटा घरमा घोर घमासानसँग झगडा गरिराखेको सुनियो । भन्तेले भन्नुभयो– "घरमा कलह हुने मुख्य कारण पनि नराम्रो आचरणले गर्दा नै हो । घरमा कसैको बोली नराम्रो, बानी नराम्रो भएमा पनि झगडा शुरु हुन्छ । सबैको बानी बेहोरा राम्रो भए त्यो घर स्वर्ग हुन्छ । स्वर्ग भनेको आकाशमा हुने होइन, यहीं हुने हो ।

चित्ररत्न रक्सीको नशाले चूर छ । सबै बाटो आफ्नै गरी घर फर्किराखेको छ। पैसा प्रशस्त छ, त्यसैले पिउनमा कन्जूसेपन छैन । रक्सी पिउने नराम्रो भन्नेसँग झगडा गर्ने उसको बानी हुन्थ्यो । उसको लागि शील चाहिँदैन, पैसा भए पुग्थ्यो । तर आजकाल उसको सबभन्दा मन पर्ने वस्तु थियो आफ्नै अप्सरा जस्ती श्रीमती-रूपवती । पन्ध्र दिन अगाडि चित्ररत्न रूपवतीको जालमा पऱ्यो । अनि आफ्नो घरमा भगाएर ल्यायो । उसलाई रूप ज्यादै नै मन पर्थ्यो । चित्ररत्नको त शरीर मात्र, रूपवती उसको ज्यान जस्तै थियो ।

रक्सीले चूर हुँदा हुँदै पनि उ आफ्नो श्रीमती सम्झेर घर फर्किरोखको थियो । भट्टीमा रक्सी सिद्धिएर आज पहिले भन्दा चाँडै घर फर्किराखेको थियो । घरमा आइपुग्यो । कोठामा बत्ती बलिरहेको देखेर आफ्नी श्रीमती उसैको प्रतिक्षामा होली भनेर मुसुक्क हाँसे । उसलाई तर्साउने विचारले चित्ररत्न बिस्तारै घरमाथि उक्ले । कोठा भित्रबाट श्रीमतीको स्वर सुनियो– “तपाईं नभएर मलाई कस्तो नरमाइलो लाग्दछ थाहा छ ?” बाहिर बसेको लोग्ने मक्ख हुन्छ । स्वास्नीले आफूलाई भनेको भन्ठान्यो, तर त्यसैबेला जवाफ सुनियो तर केटोको स्वरमा, “म पनि तिमी बिना बसिराख्न सक्दिन ।”

चित्ररत्नलाई छानाबाट खसे जस्तो भान भयो । बेसरी ढोकामा रिसले हिर्कायो । ढोका एक्कासि खुल्यो । भित्रको दृश्य अस्त-ब्यस्त भएकी आफ्नी स्वास्नीलाई आफ्नै साथी शेखरसंगै बसिराखेको देखे । चित्ररत्नको रक्सीको नशा गायब भयो । रिसले केही देखेन । अकस्मात गएर शेखरलाई जुरुक्क उचालेर भूइँमा थचारी चार पाँच पटक लाताले हिर्कायो ।

होहल्ला सुनेर चारैतिरका छिमेकीहरू कोठा बाहिर जमघट भयो । शेखर लाजले टाउको लुकाई सुइँकुच्चा ठोके ।

चित्ररत्नले स्वास्नी चाहिलाई कोप दृष्टीले हेरे बेसगरी चुटेर गाली गर्दै बाहिर निकालिदिए ।

आजकाल रूपवतीको हालत माग्नेकोभन्दा पनि निम्नस्तर छ । माग्नेले त मागेर खानु हुन्छ । उसले माग्न त कहाँ, देख्ने जतिले छिः छिः र थुः थुः गर्ने, घरमा आएको देख्यो भने ढोका बन्द गरेर ल्याउथे । माइतमा पनि कसैले उसलाई घरभित्र हुलेन । गाउँभरि नै उसको चरित्रको बदनाम भयो । दिनको एउटा केटा फेर्नु पर्ने भन्ने कुरो सबैले थाहा पाए । गुण्डाहरूले पनि उ आएको देख्यो कि यसो पनि हेर्दैनथ्यो । रूपवतीलाई कहाँ जाने, कहाँ बस्ने, के खाने, के लाउने जस्तो भई मानिसलाई दुःखको अवस्थामा सुखको क्षण सम्झिन्छ । माइतमा आफ्नो आमा बाबुको पैसाले मोज मज्जा गरेको सम्झी आमा बाबुले रोक्दा रोक्दै पैसाको लागि चित्ररत्नसंग भागेको सम्झि । एक महिना अगाडि आफ्नो बहिनी समेशकी पत्नी भई साहुनी भएकी सम्झी । अनि आफ्नो अवस्थादेखि आफूले आफैलाई कपाल पिटी ।

समेशले त्यस्ती राम्री भए पनि उसलाई किन मन नपराई गुणवतीलाई मन पराएको भन्ने कुरो बल्ल बुझी ।

एउटा पोखरीमा पानी खान जाँदा त्यहाँ आफ्नो अनुहार देख्दा उ झसंग भई । आफ्नो त्यत्रो राम्रो रूप कहाँ गयो ? रूपप्रतिको घमण्ड भएको त्यो सौन्दर्य ? उसको अनुहार त चाउरे परेको रौ. सबै धिक्का भएको आँखा खाल्टो परेको पो छ ! आफू रूपवतीको सट्टा कुरूपवती भएको देखेर उसको छाती नै फुट्ला जस्तो भयो । उसको त्यत्रो ठूलो रूप धन सिद्धियो ।

हरेस खाई, निराश भएर आइराखेकी रूपवतीको कानभित्र विहारमा भन्तेले सुनाइराख्नु भएको उपदेश पस्यो । भिक्षु धर्मालोकले भन्नुभयो- “त्यसो त मैले धेरैचोटी भनिसकें कि शील नै मान्छेलाई नभई हुदैन । मोक्ष र सुख दिने यो शील धन, रूप धन र पैसा धन भन्दा श्रेष्ठ छ । पैसा र रूप सधैंलाई हुँदैन । चाँडै सिद्धिएर जान्छ । तर शील धनले हामीहरूलाई जीवनभर छाड्दैन पछि पछि आइरहन्छन्; हामीलाई बचाउँछ, हामीलाई सम्मान दिलाउँछ । रूप, धन सबै भएको तर शील नभएको मान्छे बास्ना नभएको फुल समान हो । त्यसैले शील नै पहिला चाहिन्छ । त्यसपछि मात्र रूप र धनको महत्व हुन्छ ... ।”

भिक्षुको उपदेशले रूपवतीको आँखा रसाएर आयो । पश्चाताप भयो । अगाडीको पर्खालमा आफ्नो टाउको बजार्न थाली ।

स्वास्नीलाई निकालेदेखि चित्ररत्नको खाने लाउनेको केही होश भएन । आफ्नी स्वास्नीले नै धोका दिंदा त उ बर्षा हुँदा कुनै रूखमा शरण लिंदा रूख नै धलेर थिचेको जस्तो भयो । दुःख हटाउन उसले धेरै कोशिश गऱ्यो । रक्सी खाँदा आफ्नो सबै धन सिध्याए । पछि घर, जग्गा, पैसा सिद्धिएपछि साथी भाईले पनि छाड्न थाल्यो । चित्ररत्न बहुला भयो । कहिले स्वास्नीलाई गाली गर्ने, कहिले सम्झनु कहिले साथीभाईदेखि घृणा गर्ने; कहिले पैसादेखि घृणा गर्ने । कहिले रक्सीको लागि बहुला जस्तो कराएर हिंड्ने । बच्चाहरू पनि उसलाई देख्यो कि बहुला आयो भनेर जिस्काउने ।

एकदिन ! सबैले देख्यो त्यो गाउँको चित्ररत्न बहुला सधैंको लागि शान्त भएछ– पोखरीमा डुबेर ।

*क्रमशः ...*



Downloaded from http://www.dhamma.digital

## शनीवारिय कक्षाहरू

विषय- मानिस चिन्ने क्षमता

२०५९ चैत्र २३, शनीवार ।
स्थान- धर्मकीर्ति विहार, श्रीघ:न:घल ।
रिपोर्टार- श्यामलाल चित्रकार

यसदिन श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले मानिस चिन्ने क्षमता विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– "धेरैजसो मानिस आफ्नो मनको दास हुन्छन् भने भगवान बुद्ध मनका मालिक हुनुहुन्छ । उहाँमा मानिसको चरित्र, क्षमता र मरणोपरान्त उसको गति आदि थाहा पाउने क्षमता भएकोले उहाँलाई सर्वज्ञ पनि भनिने गरिन्छ ।

भगवान बुद्धले बताउनुभएको शिक्षा अनुसार यस संसारमा विभिन्न थरीका मानिसहरू छन् र उनीहरूले आ-आफ्ना स्वभावहरू अनुसार प्रतिफल पाइरहेका हुन्छन् । ती यसरी रहेका छन्–

१. कुनै मानिस शान्त स्वभावले चुपचाप भई बस्ने गर्छ । आफूले गर्नुपर्ने काम पनि गर्दैन । आफुभन्दा विद्वान ज्ञानीसंग सतसंगत गरेपनि आफुले थाहा नपाएका कुराहरू सोध्ने गर्दैन ।
२. कोही मानिस शान्त स्वभाव हुनुको साथै आफ्नो कर्त्तव्य पालन गरी ज्ञानीजनहरूसँग सोध्नु पर्ने कुरा सोधी आध्यात्मिक उन्नति गर्दछन् ।
३. कोही मानिसहरू रिसाहा, घमण्डी र लोभी हुन्छन् । धर्मकुरा सुनी चित्त शुद्ध गर्ने कार्यतर्फ लाग्दैनन् ।
४. कोही मानिसहरू रिसाहा, घमण्डी र लोभी भएपनि सज्जन व्यक्तिहरूसंग संगत गरी चित्त मयल पखाल्न सधैं उत्साही भइरहन्छन् ।

उनीहरूको जीवन सुखमय हुन्छ भने मरण पछि राम्रो गतीमा जन्म लिन सक्नेछन् । त्यसैले हामीले यी विभिन्न थरीका मानिसहरूको चालचलन र स्वभाव अध्ययन गरी आफ्नो चरित्र र बानी व्यवहार पनि सुधार गर्नु पर्दछ ।

### विषय– मिलिन्द प्रश्न

२०६० बैशाख १३, शनीवार ।
स्थान- धर्मकीर्ति विहार, श्रीघ:न:घल ।
रिपोर्टार- विमला शाक्य ।

यसदिन धम्मवती गुरुमाँले मिलिन्द प्रश्नको अर्थ बताउनु हुँदै भन्नुभयो– "मिलिन्द प्रश्न पुस्तकमा अभिधर्म समावेश भएको छ । यस पुस्तकमा थुप्रै उदाहरण र प्रमाण उल्लेख गरी ब्याख्या गरिएको हुँदा अभिधर्म बुझ्न सजिलो रहेको छ । मिलिन्द राजाको जस्तोसुकै जटिल प्रश्न भएतापनि भिक्षु नागसेनको उदाहरण सहितको उत्तरले हामीले सहजै ती कुराहरू बुझ्न सक्छौं ।

जसरी गंगा नदी समुद्रमा मिल्न जान्छ, त्यसरी नै मिलिन्द राजा भिक्षु नागसेन समक्ष भेट्न पुगेको देखिन्छ । जसरी नदीमा भन्दा समुद्रमा प्रशस्त पानी हुन्छ, त्यसरी नै राजा मिलिन्दमा भन्दा भिक्षु नागसेनसंग विद्याको सागर विद्यमान रहेको देखिन्छ ।

### विषय– पञ्चकाम सुख

२०५९ चैत्र २९ ।
प्रस्तोता- अम्बिका शाक्य, स्थान- धर्मकीर्ति विहार ।

यसदिन वीर्यवती गुरुमांले **"पञ्चकाम सुख"** विषयमा धर्मदिशना गर्नुहुँदै भन्नुभयो– **"पञ्चकाम सुख"** भनेको हाम्रा पाँच इन्द्रियहरू (आँखा, नाक, कान, खानेमुख र छाला) को माध्यमबाट चित्त बाहिर गई बाहिरका आलम्बनलाई स्पर्श गरी प्रतिकृया जनाइरहने अवस्थालाई भनिन्छ ।

जब हामी यी पाँच इन्द्रियहरूबाट आफ्नो मन बाहिर पठाई बाह्य आलम्बनहरूको स्पर्शमा भुली प्रतिकृया जनाउने कार्यमा भुल्दै बेहोश बन्न पुग्छौं, त्यतिखेर हामीले एकदिन आफु मर्नुपर्ने सत्य तथ्य प्राकृतिक नियमलाई समेत विर्सन पुग्छौं । तर प्रकृतिको अनित्य स्वभावले कसैलाई पक्षपात गर्दैन र छाड्दैन । पञ्चकाम सुखमा भुली वेहोश बन्न पुगेको व्यक्तिले जब आफ्नो मरण अवस्था नजिक आइपुगेको थाहा पाउनेछ, तब उ मरण भय देखि मात्तिएर छट्पटिदै प्राण त्याग गर्दै नराम्रो गति प्राप्त गर्न पुग्छ ।

त्यसैले भगवान बुद्धले भन्नुभएको छ– "पञ्चकाम सुख भोग गर्नमा आनन्द लिइरहने व्यक्तिहरूलाई राती आनन्दले सुतिरहेका बेहोशी व्यक्तिहरूलाई बाढी पहिरोले बगाएर लगे जस्तै मृत्युले बगाएर लाने गर्छ ।"

त्यसकारण बुद्ध शिक्षानुसार हामीले भौतिक सुख उपभोग गर्दा मध्यम मार्गलाई अपनाउँदै आधारभूत

आवश्यकता पूरा हुनेगरी मात्र उपभोग गर्न जान्नु पर्दछ । बेहोशी बन्दै बिलासिता तर्फ लागी तृष्णाको वसमा पर्ने वित्तिकै यसले हामीलाई हानी गरीहाल्छ ।

**चारुवती स्तुपमा बुद्ध पूजा**

२०६० बैशाख २० ।

स्थान- चाबहिल चारुवती स्तुप ।

यसदिन धर्मकीर्ति विहार, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा चाबहिल स्थित चारुवती स्तुप (जीर्णोद्धार हुँदै गरेको) मा बुद्धपूजा र धर्मदेशना कार्यक्रमको आयोजना गरिएको थियो । यही सिलसिलामा चारुवती स्तुपको प्रांगणमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनीवारिय कार्यक्रम पनि सञ्चालन गरिएको थियो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिका अध्यक्ष धम्मवती गुरुमांको सभापतित्वमा संचालित उक्त कार्यक्रम गोष्ठीमा सदस्य प्रफुल्ल कमल ताम्राकारले संचालन गर्नुभएको थियो भने सचिव रमा कंसाकारले स्वागत भाषण गर्नुभएको थियो । धर्मकीर्ति बिहारका थुप्रै उपासक उपासिकाहरूले भाग लिनुभएको उक्त समारोहमा पञ्चशील प्रार्थना र बुद्धपूजा पश्चात् प्रवीणा महर्जनले आफ्नो लेख "थौकन्हे पञ्चशील या उपादेयता" पढेर सुनाउनु भएको थियो । स्मरणिय छ यस लेख ध.की.बौ.अ. गोष्ठीले संचालन गरेको लेखन प्रतियोगितामा दोश्रो स्थान ओगट्न सफल भएको थियो ।

चारुवती चैत्य जीर्णोद्धार समितिका अध्यक्ष नरोत्तम बैद्यले आफ्नो मन्तब्य ब्यक्त गर्ने क्रममा भन्नुभयो– मानिस वीर हुनुको साथै असल पनि हुनुपर्दो रहेछ । बीर मात्र हुन खोजेमा त्यसले राम्रो परिणाम दिँदैन । किनभने वीर बन्नलाई थुप्रै मानिसको ज्यान लिन पर्छ भने असल ब्यक्ति बन्नका लागि कसैलाई मार्न पर्दैन ।

श्री चारुवती चैत्य जीर्णोद्धार समितिका कोषाध्यक्ष भिक्षु तपुस्स धम्मले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भन्नुभयो– "मैले अध्ययनको सिलसिलामा श्रीलंकामा रहेको बेला त्यहँका गुरुले मलाई सम्राट अशोककी छोरी चारुमतीले निर्माण गरेको यस स्तुपको सेवा गर्ने आदेश दिनुभई यस स्तुप बारे उल्लेखित एक पुस्तिका पनि दिनुभएको थियो । गुरुको आज्ञा शिरोपर गर्दै मैले यस ऐतिहासिक महत्त्व रहेको स्तुप जीर्णोद्धार कार्यक्रममा सेवा गर्न पाएकोमा गर्व महशूस गर्दछु ।"

धम्मवती गुरुमाँले धर्मदेशनाको क्रममा भन्नुभयो- मानिसको जन्म लिइसकेका हामीले आफूले सक्दो दान, शील, भावना गरी पूण्य रुपी बीऊ रोपेर जान सक्नु पर्दछ । हामीले महायान, थेरवाद र बज्रयान भन्दै भेदभाव पूर्ण व्यवहार गर्न ठीक छैन । यी तीनवटै यानहरू एक आपसमा मिली एक जूट भई बुद्ध शिक्षा प्रचार कार्यमा लागी सेवा गर्न आवश्यक छ । काठमाडौं निवासी नेवार समुदायले भोजभटेरमा मात्र खर्च गरी अलमलिने बानीलाई त्यागी धर्म कार्यमा पनि आफ्नो समय बिताई यस क्षेत्रमा पनि आर्थिक सहयोग दिन जरुरी देखिन्छ । यस चारुवती चैत्यको जीर्णोद्धार गर्ने क्रममा प्राप्त भएको शिलालेखमा चारुवती शब्द उल्लेख गरिएको अनुसार सम्राट अशोककी छोरी चारुवतीद्वारा निर्माण गरिएको यस स्तूप चारुवती स्तूप नै रहेको ठहरिएको छ ।

यही क्रममा भिक्षु भद्दियले धर्मदेशना गर्नुहुँदै यस चारुवती स्तुप जीर्णोद्धार कार्यमा भिक्षु तपस्सी धम्मको ठूलो योगदान रहेको कुरा उल्लेख गर्नुभयो ।

यसको साथै कार्यक्रमको अन्त्यमा पाल्साङ्ग लामाले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका उपाध्यक्ष इन्द्रकुमार नकर्मीले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा धम्मवती गुरुमांले पुण्यानुमोदन गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो । उक्तदिन बुद्ध पूजामा सहभागी रहनुभएका थुप्रै महानुभावहरूले यस चारुवती स्तूप को गजुरमा सून लेपन गर्नको लागि यथाश्रद्धा सुनचाँदी र रकम चन्दा स्वरूप प्रदान गरेका थिए । यसको विवरण धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्य मीना तुलाधरले पढेर सुनाउनु भएको थियो ।

यसरी चारुवती स्तुपको गजुरमा सुन लेपन गर्नको लागि उक्तदिन प्राप्त भएको चन्दा विवरण यसरी उल्लेख गरिएको थियो ।

१. नगद रु. ६६९२६/-    २. पौने पाँच टोला सुन ।

३. साढेदुई तोला सुन र चाँदी मिसिएको धातु ।

यस कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई धर्मकीर्ति विहारका कर्णकुमारी र पूर्णहेरा पुच:ले जलपान गराइएको थियो भने यहाँ उपस्थित सबै भन्ते गुरुमाँहरूलाई गुलाफ शोभा ताम्राकार चाबहिलको तर्फबाट भोजन गराइएको थियो ।

**रक्तदान**

२०६० बैशाख २७ गते, शनीवार ।

स्थान- धर्मकीर्ति विहार, श्रीघ:न:घल ।

२५४७ औं बुद्ध पूर्णिमा महोत्सव एवं धर्मकीर्ति विहारको ३८ औं वार्षिकोत्सवको उपलक्षमा धर्मकीर्ति स्वास्थ्य कमिटी धर्मकीर्ति विहारको आयोजनामा र



Downloaded from http://www.dhamma.digital

स्वयम्भू रत्न तुलाधरको संयोजकत्वमा रक्तदान कार्यक्रम संचालन गरिएको थियो ।

धर्मकीर्ति विहारले हरेक बर्ष निरन्तर रुपमा संचालन गर्दै आएको रक्तदान कार्यक्रम मध्ये यो २० औं पटकको कार्यक्रम रहेको छ ।

उक्त रक्तदान कार्यक्रममा अ न मि सुश्री रमीता श्रेष्ठले रक्तचाप नापी सहयोग गर्नुभएको थियो भने धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका स्वयंसेवक सदस्यहरूबाट आवश्यक अन्य सहयोगहरू गर्नुभई सफलतापूर्वक रक्तदान कार्यक्रम सम्पन्न गरिएको थियो ।

यस रक्तदान कार्यक्रमको लागि आवश्यक सम्पूर्ण प्रशासनिक खर्च कार्यक्रमका संयोजक श्री स्वयम्भू रत्न तुलाधरले ब्यहोर्नुभएको कुरा धर्मकीर्ति स्वास्थ्य कमिटीले जनाएको छ ।

२५ जना महिला रक्तदाता रु २० जना पुरुष रक्तदाताहरू गरी जम्मा ४५ जना रक्तदाताहरूले रक्तदान गरेको उक्त कार्यक्रममा कूल रक्तदाताहरूको विवरण यसरी रहेको छ ।

| *सि.नं.* | *रक्तदाताको नाम* | *ठेगाना* |
|---|---|---|
| १. | विकास रत्न बज्राचार्य | म्हैपी वडा नं. २९ |
| २. | अनिता महर्जन | टे बहाल |
| ३. | सुनिला मानन्धर | बालाजु |
| ४. | राधा मानन्धर | ठमेल |
| ५. | शान्ता देवी महर्जन | नरदेवी |
| ६. | मंगल दास श्रेष्ठ | बलम्बु |
| ७. | संजिव महर्जन | कालिमाटी |
| ८. | रेणुका मानन्धर | त्यौड |
| ९. | लक्ष्मी महर्जन | नयाँ बजार, म्हैपी |
| १०. | मेरिना ताम्राकार | कुसुमवियालाछी |
| ११. | पंच कुमार महर्जन | सतुंगल |
| १२. | रवि श्रेष्ठ | ज्ञानोदय मार्ग |
| १३. | युवक कर्माचार्य | ठहिटी |
| १४. | रोशना तुलाधर | इ्वाबहाल |
| १५. | विजय तुलाधर | इ्वाबहाल |
| १६. | नारायण कृष्ण महर्जन | सतुंगल |
| १७. | न्हुच्छे बहादुर महर्जन | सतुंगल |
| १८. | किशोर महर्जन | सतुंगल |
| १९. | दिपक रत्न शाक्य | ढल्को |
| २०. | मिनु मानन्धर | ठमेल |
| २१. | श्रीजना श्रेष्ठ | ठमेल |
| २२. | अनिल कृष्ण जोशी | नघ:ल क्वाडो |
| २३. | तारा महर्जन | ताहाचल |
| २४. | सुनिल महर्जन (ए) (क) | कुसुमवियालाछी |
| २५. | सुनिल महर्जन (बि) (ख) | कुसुमवियालाछी |
| २६. | छोरी महर्जन | असन |
| | | (Off टेकु अस्पताल) |
| २७. | प्रकाश ताम्राकार | भोटाहिटी |
| २८. | ध्रुव राजकर्णिकार | डिल्लीवजार |
| २९. | प्रफुल्ल कमल ताम्राकार | सीतापाइला |
| ३०. | अगम्य रत्न कंसाकार | मासंगल्ली |
| ३१. | चिनी काजी डंगोल | थहिंटी |
| ३२. | इश्वर श्रेष्ठ | थहिंति |
| ३३. | निरज श्रेष्ठ | कुलेश्वर |
| ३४. | सुरेन्द्र मान शाक्य | डल्लु |
| ३५. | स्वस्तिना तुलाधर | असन |
| ३६. | मीना तुलाधर | असन |
| ३७. | रमा कंसाकार | नक्साल |
| ३८. | दिनेश मानन्धर | चिकंमु |
| ३९. | डा. योगेन्द्र मान शाक्य | ठमेल होटेल कान्तिपुर |
| | | (Off शिक्षण अस्पताल) |
| ४०. | तिमीला रंजित | मन्जुश्री |
| ४१. | रविन्द्र रत्न तुलाधर | भोटाहिटी |
| ४२. | जयम्बु रंजित | ज्याठा |
| ४३. | अनिला शाक्य | नघ:ल |
| ४४. | शर्मिला शाक्य | जमल |
| ४५. | गंगा नकर्मि | मंगलबजार |

माथि उल्लेखित रक्तदाताहरूका लागि अन्य उपासक उपासिकाहरूले मैत्रीपूर्वक मिठाई र पेय पदार्थहरू दान गरी पुण्य संचय गर्नुभएका थिए ।

कोकाकोला, फ्रुटी, दूध, जेरी, रोटी आदि खाद्य पदार्थहरू दान गर्नुहुने दाताहरूको नामावली यसरी रहेको छ–

१. चन्द्रमाया श्रेष्ठ
२. कृष्ण देवी महर्जन
३. आशालानी
४. मिनरवती
५. मायादेवी महर्जन
६. इन्द्रमान पुच:
७. पद्म बज्राचार्य
८. रामेश्वरी चित्रकार
९. रत्नदेवी मानन्धर
१०. दिदी
११. बुद्धि प्रभा
१२. अमीर कुमारी शाक्य
१३. रुप शोभा तुलाधर
१४. मिश्री
१५. कीर्ति मैंया
१६. ज्ञानशोभा
१७. नानी छोरी
१८. माणिक लक्ष्मी
१९. चन्द्र शोभा
२०. तीर्थमाया, आदि ।

यस अङ्कको छलफल कार्यक्रममा सहभागीहरूको तर्फबाट मलाई सोधिएको प्रश्नलाई मैले आफ्नो अनुभवहरू पोख्दै उत्तर दिएको बिषयलाई समावेश गरेको छु। छलफल कार्यक्रम यसरी शुरु भएको थियो–

*आयोजक–* अस्वस्थताको साथसाथै यसपालीको २५४७ औं बुद्ध पूर्णिमाको व्यस्तताको कारणले गर्दा हाम्रो छलफल कार्यक्रमलाई निरन्तरता दिन सकेनौं। एक महिना पछि सार्न परेकोमा हामी यहाँहरू समक्ष क्षमा प्रार्थी छौं। बीचमा छलफल कार्यक्रम ठप्प भएपनि आजको छलफल कार्यक्रममा थुप्रै सहभागीहरू उपस्थित हुनुभई हाम्रो हौसला बढाइदिनु भएकोमा यहाँहरूलाई हामी आयोजकहरूको तर्फबाट धन्यवाद ज्ञापन गर्दछौं। लौ त यहाँहरूको प्रश्न पनि सुनीहालौं न।

*सहभागी–* प्रश्न त खास अरु केही छैन। तैपनि हालसालै मनाइएको २५४७ औं बुद्ध पूर्णिमा महोत्सव पहिला भन्दा धुमधामसंग शान्ति दिवसको रूपमा मनाइएको देख्यौं। हर्ष लाग्यो हामीलाई त। त्यसैले हर्ष व्यक्त गर्न आएका नि हामी यहाँ।

*आयोजक–* हो त नि! यसपाली त नेपालका विभिन्न भागहरूमा निशुल्क स्वास्थ्य सेवा, रक्तदान, सफाई अभियान आदि जस्ता रचनात्मक कार्यक्रमहरू संचालन गर्दै बुद्ध पूर्णिमा मनाइएको छ। रथमा बुद्ध प्रतिमा राखी शोभायात्रा गर्दै बुद्ध पूर्णिमा मनाउने चलन त नेपालीहरूको पुरानो औपचारिकता नै भयो नि। तर हाम्रो विचारमा यो चलन त्यति व्यवहारिक भने छैन। किनभने श्रद्धा र भाव भक्ति मात्र व्यक्त गर्ने प्रथा हो यो। यस कार्यले कसैलाई ठोस उपलब्धी भएको देखेनौं हामीले त।

*सहभागी–* नेपालमा त यसरी बुद्ध पूर्णिमा मनाएको हेर्न पायौं। विदेशी बौद्ध देशहरूमा पनि यसरी नै बुद्ध पूर्णिमा मनाइने हो कि अरु नै तरिकाले मनाउने गरिन्छ? यसबारे पनि जानकारी लिन पाए बेश हुने थियो।

*आयोजक–* प्रश्न त राम्रै सोध्नु भयो नि यहाँले। जानी राख्नुपर्ने कुरा हो यो। यस बिषयमा त हामीले भन्दा पनि मेघदूत ज्यूलाई बढि जानकारी होला। किनभने उहाँ थुप्रै बौद्ध देशहरूमा घुमी सक्नु भएको र उतैतिर केही वर्ष बिताएर पनि आउनु भएको छ। सुनौं न हामी पनि यस बिषयमा।

*मेघदूत–* लौ त सुन्ने नै हो भने पहिला श्रीलंकाको विषयमा बताउँछु। श्री लंकामा ३ दिन सम्म बुद्ध जयन्ती महोत्सव मनाउने चलन छ। त्यहाँ हरेक टोल टोलमा बुद्ध जीवनी सम्बन्धी तोरण प्रतिस्पर्धात्मक रूपमा सजाएर प्रदर्शन गर्छन्। बुद्धले बुद्धत्व प्राप्त गर्ने अवस्थामा आएका मारहरूलाई बिजुलीको अनेक चमत्कारी र डरलाग्दा दृश्यहरू बनाई देखाइने गरिन्छ। अनि बुद्धले आफ्नो मनोबल शक्तिले कसरी मारहरूलाई पराजित गरियो भन्ने विषयमा देखाइने दृश्यहरू ज्यादै रोचक र रमाइलो देखिन्छ। चिञ्चमाणविका भन्ने बुद्धकालिन महिलाले बुद्धको तर्फबाट उनी गर्भवती भएकी भन्दै बुद्धलाई झूठो आरोप लगाउन आएकी दृश्य पनि ज्यादै अनौठो तरिकाले देखाउने गरेको छ।

यसरी नै पटाचारा र किशा गौतमीहरूको जीवनीबारे देखाइने झाँकी पनि ज्यादै मनमोहक देखिन्छ। पूर्णिमाका दिन त्यहाँ दिनभरी विहार विहारमा गई पञ्चशील प्रार्थना, बुद्ध पूजा आदि गरी बिताउने गर्दछन् कतिपय मानिसहरू। बाहिर बाटोको दुबैतर्फ दानशाला बनाई जलपान, चियापान र सर्वत आदि दान दिने व्यवस्था मिलाइएको हुन्छ।

बृद्ध बृद्धाहरूले पनि सेता लुगा लगाउँदै अष्टशील पालन गरी दिनभर रातभर बिहारमा नै बिताई धर्मदेशना सुन्ने र आफैले जातक कथा पढ्ने गर्छन्।

त्यतिमात्र होइन उनीहरूले अस्पतालमा गई असहाय व्यक्तिहरूलाई आवश्यक औषधि किनेर दान दिने गर्छन्। यसरी श्रीलंकामा अरू बौद्ध देशहरूमा भन्दा रचनात्मक ढंगले बुद्ध पूर्णिमा मनाउने गर्छन्। यी त भए श्रीलंकाको कुरा। अब बर्मामा के गर्छन् भन्ने बिषयमा बताउँछु।

बर्मामा बिहानै देखि बोधिवृक्ष वा पिपलको रूखमा दूध चढाउने गर्छन् यति मात्र होइन, विहारमा सफा सुग्घर गर्ने र जलपान दान दिने चलन छ। विहारमा सफा सुग्घर गर्छन् भने भिक्षुहरूले धर्मदेशना दिने गर्छन्। थाइलैण्डमा भने बेलुकी मैनवत्ती र धूप बाली बिहार परिक्रमा गर्ने र धर्मोपदेश सुन्ने गर्छन् र दान प्रदान गर्छन्।

हाम्रो देशमा जस्तै बुद्ध मूर्तिलाई खटमा राखी शोभा यात्रा गर्ने चलन त अरु देशहरूमा देखिन मैले। हुनत यो चलन शुद्ध बौद्ध प्रथा नभई मिश्रित प्रथा हो। यसरी आ-आफ्नो देश, सँस्कृति र विश्वास अनुसार बुद्ध पूर्णिमा मनाउने चलन रहेको छ।

*सहभागी–* आज त ज्यादै रमाइला र रोचक घटनाहरू सुन्न पाएकोले रमाइलो लाग्यो। विभिन्न बौद्ध देशहरूमा बिभिन्न तरीकाले मनाउने गरेको बुद्ध पूर्णिमा महोत्सव बिषयमा सुन्ने मौका पाएकोले खुशी लाग्यो हामीहरूलाई त। लौत आजलाई जान पर्ला जस्तो छ। पछि आउने बेलामा पनि यस्तै रोचक जानकारीहरू पाउनै आशा राख्दै बिदा नै हुन्छौं।



Downloaded from http://www.dhamma.digital

## २५४७ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा धर्म प्रचारार्थ श्रद्धेय भिक्षु भिक्षुणीहरूको विभिन्न जिल्लाहरूमा भ्रमण

२५४७ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्षमा श्रद्धेय भिक्षु भिक्षुणीहरू नेपाल अधिराज्यका बिभिन्न जिल्लाहरूमा धर्मप्रचारार्थ जानु भएका थिए। जिल्लामा धर्मप्रचारार्थ पुग्नु भएका श्रद्धेय भिक्षु भिक्षुणीहरूलाई बुद्ध जयन्ती समारोह समिती काठमाडौंबाट एकतर्फी यातायात खर्च व्यहोरेको थियो भने सम्बन्धित जिल्लास्थित बुद्ध जयन्ती समारोह समितिको तर्फबाट अर्को एकतर्फी यातायात खर्च ब्यहोरेको कुरा थाहा हुन आएको छ।

हाल सम्म प्राप्त समाचार अनुसार बिभिन्न जिल्लामा पुगनु भएका भिक्षु भिक्षुणीहरू र उहाँहरू धर्मप्रचारार्थ पुग्नु भएको स्थानहरूको नामावली यसरी रहेको कुरा उल्लेख गरिएको छ।

| *श्रद्धेय भिक्षु तथा भिक्षुणी -* | *स्थान* |
|---|---|
| - भिक्षु संघरक्षित र श्रामणेर | गोरखा |
| - भिक्षु शोभन | विराटनगर |
| - भिक्षु धर्मसागर, श्रामणेर अशोक, श्रामणेर शान्तरक्षित | धरान |
| - भिक्षु बोधानन्द | उर्लावारी, झापा |
| - भिक्षुणी धजवती (कुसुम) | हेटौडा |
| - भिक्षु कोण्डन्य, भिक्षु निग्रोध | पोखरा |
| - भिक्षु भद्दिय | धनगढी |
| श्रामणेर जनक, श्रामणेर उत्तमो अरबिन्द | बेनी बजार, म्याग्दी |
| - श्रामणेर अमतो, श्रामणेर दुतिमा | बाग्लुङ |
| - भिक्षु मेधंकर | चितवन |
| - श्रामणेर आचारो, श्रामणेर जागरो | बीरगंज |
| - भिक्षु सोभित | चैनपुर, संखुवासभा |

★

## नेपाल अधिराज्यका बिभिन्न स्थानहरूका २५४७ औं बुद्ध पूर्णिमा महोत्सव सम्पन्न

२०६० जेठ २ गतेका दिन नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा २५४७ औं बुद्ध पूर्णिमा महोत्सव सम्पन्न गरिएको समाचार प्राप्त भएका छन्–

**आनन्दकुटी विहार, काठमाडौं–**

यसदिन बुद्ध जयन्ती समारोह समिति स्वयम्भूको आयोजनामा, भिक्षु अश्वघोष महास्थविरको सभापतित्वमा र सम्माननिय प्रधानमन्त्री श्री लोकेन्द्र बहादुर चन्दको प्रमुख आतिथ्यमा सार्वजनीक बौद्ध सभाको आयोजना गरिएको थियो।

भिक्षु बुद्धघोष महास्थविर समक्ष शील प्रार्थना गरिएको उक्त समारोहमा बु.ज.स.स. का महासचिव गौतम शाक्यले स्वागत भाषण गर्नुभएको थियो। उक्त समारोहका लागि श्री ५ महाराजाधिराज सरकारको तर्फबाट बक्स भएको सन्देश समितिका उपाध्यक्ष श्यामकृष्ण मानन्धरले पढेर सुनाउनुभएको थियो।

उक्त समारोहमा प्रधानमन्त्री चन्दले बुद्ध शिक्षा प्रचार प्रसार एवं स्थायित्वका लागि समर्पित भई जीवनयापन गरेका व्यक्तित्वहरूको रुपमा भिक्षु बुद्धघोष महास्थविर र भिक्षुणी धम्मवतीलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो। यसरी नै उपासक हर्ष बहादुर मानन्धरलाई पनि सम्मानपत्रका साथै दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो।

यसरी नै उक्त अवसरमा उहाँले निशुल्क स्वास्थ्य सेवा पुऱ्याउने बिभिन्न संघ संस्थाहरूलाई प्रशंसा पत्र पनि प्रदान गर्नुभएको थियो भने भिक्षु अश्वघोष महास्थविरले पुलिस इन्पेक्टर अरुण कुमार शाहलाई कदर पत्र प्रदान गर्नुभएको थियो।

समारोहलाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्दले "शान्तिका लागि बुद्धले देखाउनु भएको मार्गलाई अनुशरण गर्नुपर्ने बिषयमा जोड दिनुभएको थियो। बुद्ध जन्मभूमी लुम्बिनीको बिकासमा श्री ५ को सरकारले अझ बढि ध्यान केन्द्रित गर्न जानकारी दिनुहुँदै बुद्धशिक्षालाई मनन गर्दै स्वस्थ समाज निर्माण र सुखमय जीवन बनाउन विश्वशान्ति र मानव कल्याणमा ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकतालाई औंल्याउनु भएको थियो।

उक्त समारोहमा नेपालका लागि श्रीलंकाका राजदूत ग्रेस ए आशीर्वाथमले नेपाल र श्रीलंका बिच धार्मिक समानता र सम्बन्ध माथि प्रकाश पार्नु भएको थियो। यसरी नै म्यानमार राजदूतावासका प्रथम सचिव क्यो जेयाले मानविय कार्यहरूबाट मात्र मानवजीवन सफल हुने बुद्ध ज्ञानको चर्चा गर्नुभएको थियो।

भिक्षु कुमारकाश्यप महास्थविरले बुद्ध सन्देशलाई स्मरण गरी जीवन शान्तिमय बनाउनु पर्ने विचार ब्यक्त गर्नुभएको थियो। बुद्ध जयन्ती समारोह समितिका उपाध्यक्ष बुद्ध रत्न वज्राचार्यबाट धन्यवाद ज्ञापन पश्चात् सभापतीको आशनबाट बोल्नुहुँदै भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो- बुद्ध शान्तिका प्रतिक हुनुका साथै शान्तिका अग्रदूत पनि हुनुहुन्छ। बुद्ध शिक्षा भौतिक र आध्यात्मिक बादको मिश्रण

हो । भौतिक विकास पछि मात्र आध्यात्मिक विकास हुन्छ । त्यसकारण गरीवि निवारण नभएसम्म शान्ति स्थापना हुन सक्दैन । हामी मैत्री करुणा सहितको चित्तले असल मानिस बन्न नसकेसम्म देशमा शान्ति स्थापना हुन सक्दैन ।"

पुनश्चः चसान्दो मानन्धर समूहले ३५ वर्ष अगाडि देखि आनन्दकुटीमा बर्षेनी बुद्धपूर्णिमामा आयोजना गरिने बौद्ध सभामा सम्मिलित सहभागीहरूलाई क्षीर भोजन व्यवस्थामा सहयोग गर्दै आउनु भएकोमा धन्यवादको पात्र हुनुभएका छन् ।

**बौद्ध समकृत बिहार भक्तपुर–**

भिक्षु धम्मशोभन महास्थविरको सक्रियतामा साप्ताहिक बुद्ध पूजा र प्रवचन ।

प्रभात फेरी, हाजिर जवाफ प्रतियोगिता, शुभकामना आदान प्रदान, पञ्चशील प्रार्थना, र चियापान कार्यक्रम सम्पन्न गरिएको उक्त सभामा बौद्ध संघ युवा बौद्ध पुचः र पाटी विहारको आर्थिक कोषका लागि घोषणा गरिएको थियो । संघका अध्यक्ष त्रिरत्न शाक्यले स्वागत भाषण गरिएको उक्त सभा शिद्धिरत्न शाक्यले संचालन गर्नुभएको थियो ।

शुभकामना आदान प्रदान गर्नुहुने संघ संस्था र महानुभावहरू यसरी रहेका थिए- युवा बौद्ध पुचः, मैत्रेय युवा संघ, विराट नेपालभाषा साहित्य गुठी, पाटी विहार थिमी, मुनी बिहारका धर्मरत्न शाक्य, तीर्थराज बज्राचार्य, नरेन्द्रभक्त हाडा, श्यामकृष्ण मानन्धर, महेन्द्रराज शाकय र १७ वडाका भू.पू. मेयर ज्ञानबहादुर न्याइच्याँई आदि ।

**सुवर्ण छत्रपुर विहार, लुभु ललितपुर–**

ज्ञानमाला र चेतनमाला भजन । श्रामणेर नायकबाट विश्वकामनार्थ झण्डोत्तोलन । विहार एवं चैत्यहरूमा बुद्धपूजा, धर्मदेशना र शील प्रार्थना कार्यक्रम सम्पन्न ।

बुद्ध शिक्षा विषयमा छलफल र बुद्ध शिक्षालाई आफुले कति सम्म व्यवहारमा प्रयोग गर्न सकिएको छ भन्ने विषयमा आ-आफ्नो अनुभव व्यक्त ।

बुद्ध मूर्ति सजाइएको खट सहित नरनारीहरूले नगर परिक्रमा ।

**मायादेवी मन्दिर सम्बन्धी संस्मरणात्मक आवरण**

२०६० जेठ २ गते, शुक्रवार ।

श्री ५ महाराजाधिराजबाट २५४७ औं बुद्ध पूर्णिमा एवं लुम्बिनी दिवसका अवसरमा पुनः निर्मित मायादेवी मन्दिर सर्वसाधारणका लागि खुल्ला गरिबक्सेको अवसरमा नेपाल फिलाटेलिक सोसाईटीद्वारा प्रचलनमा ल्याइएको मायादेवी मन्दिर सम्बन्धी संस्मरणात्मक आवरणमा हुलाक सेवा बिभागका महानिर्देशक श्रीधर गौतमले टाँचा लगाउनुभएको छ । यस वर्ष देखि मनाउन थालिएको लुम्बिनी दिवस एवं मायादेवी मन्दिरको महत्वलाई चिरस्मरणीय बनाउन उक्त सोसाइटीद्वारा पहिलोपटक तीनसय आवरण प्रकाशनमा ल्याइएको कुरा बुझिएको छ ।

**हाँडिगाउँ का.म.पा. वडा नं. ५**

काठमाडौं महानगरपालिका वडा नं. ५ निवासीहरुले उपासक श्री श्यामलाल चित्रकारको अध्यक्षतामा ५१ सदस्यिय मूल समिति गठन गरी २५४७ औं बुद्ध पूर्णिमा महोत्सव भव्य रुपमा मनाइएको समाचार छ । प्राप्त समाचार अनुसार उक्त समितिको आयोजनामा आयोजित साप्ताहिक धर्मदेशना कार्यक्रममा प्रवचन गर्नुहुने प्रवचकहरू यसरी हुनुहुन्थ्यो–

*श्रद्धेय भिक्षु* - सुनन्द

*श्रद्धेय गुरुमाँहरू* - अनुपमा, कुशुम, इन्दावती, जयवती र वीर्यवती

*उपासक* - श्यामलाल चित्रकार

जेठ १ गते २० जना गुरुमाँहरूको तर्फबाट भिक्षाटन कार्यक्रम सम्पन्न । साँझ ज्ञानमाला भजन ।

जेठ २ गते बुद्ध पूजा, साँस्कृतिक बाजाहरू र स्कुलका विद्यार्थीहरू लगायत संघ संस्थाहरू सहितको टोलीको शोभायात्राले वडा परिक्रमा गरी हाँडिगाउँ डबलीमा पुगी सभामा परिणत । उक्त डबलीमा भिक्षु आनन्दको प्रमुख आतिथ्यमा सामूहिक बौद्ध सभा सम्पन्न गरिएको थियो । भिक्षु आनन्दले उक्त सभामा "विश्व शान्तिको लागि भगवान बुद्धको शान्ति सन्देश" विषयक सारगर्भित धर्मदेशना गर्नुभएको थियो । श्यामलाल चित्रकारको सभापतित्त्वमा सम्पन्न उक्त सभामा इन्दावती गुरुमाँले बुद्धपूजा, पञ्चशील प्रार्थना गराउनु भई बौद्ध झण्डा झण्डोलोत्तन गर्नुभएको थियो । सूर्यलाल प्रजापतीले धन्यवाद ज्ञापन गरी श्री नरमान महर्जनले स्वागत मन्तव्य दिनुभएको उक्त बौद्ध सभामा विध्यपूर साँस्कृतिक समूहका कलाकारहरूको तर्फबाट पञ्चबुद्ध नाच र अन्य विविध साँस्कृतिक नाच प्रस्तुत गरि एको थियो । उक्त साप्ताहिक बुद्धपूर्णिमा महोत्सव कार्यमा गोपाल डंगोलले उद्घोषण गर्नुभएको थियो ।

**हुम्लामा पहिलो पटक बुद्ध पूर्णिमा महोत्सव–**

यसपाली हुम्ला जिल्लामा पहिलोपटक बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार छ । लामा जातीको सक्रियतामा आयोजित सो कार्यक्रममा बिभिन्न कार्यालयका प्रमुख, बुद्धिजीवी र पत्रकारहरूको, सहभागिता रहेको थियो । राजपरिषदका सदस्य सुरवीर शाहीले पानसमा बत्ती बाली र्‍यालीको शुभारम्भ गरिएको सो कार्यक्रममा हुम्लाका बिभिन्न चोक र गल्लीमा शान्ति वार्ता सफल होस् भन्ने नारा लगाउँदै शान्तिर्‍याली संचालन गरिएको थियो ।

**बनेपा–**

२५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा यसपाली बनेपा बुद्ध जयन्ती समारोह समितिको आयोजनामा स्थानिय सुदर्शन विहारबाट बुद्धमूर्ति खटमा राखी नगर परिक्रमा गरी



Downloaded from http://www.dhamma.digital

चन्द्रकीर्ति विहारमा पुगी बुद्ध पूजा र धर्मदेशना गरी सम्पन्न गरिएको थियो । उक्त शोभायात्रामा हजारौं भक्तजनहरूका साथै भिक्षुहरूको पनि उपस्थिती रहेको थियो । सो समारोहमा भिक्षु राहुलले धर्मदेशना गर्नुभएको थियो । समारोहमा सहभागी सबै महानुभावहरूलाई बु.ज.स. समितिबाट क्षीर, तरकारी र चीसो पेय पदार्थ रञ्जितकार समाजद्वारा वितरण गरिएको थियो । यसपछि भिक्षु बोधिसेनबाट संक्षिप्त धर्मदेशना पश्चात् बुद्ध जयन्ती समारोहका अध्यक्ष कीरण शाक्यले धन्यवाद ज्ञापन गर्नुभई समारोह समापन गर्नु भएको थियो ।

**धुलिखेल–**

२५४७ औं बुद्ध पूर्णिमाको अवसरमा धुलिखेलको पूर्वाराम बिहारबाट शान्तिपद यात्रा शुभारम्भ गरिएको थियो । शान्तिपदयात्रा पश्चात् भिक्षु गुणघोष महास्थविरले बुद्ध र बुद्ध पूर्णिमाको महत्त्व विषयमा धर्मदेशना गर्नुभएको थियो ।

**बनेपा अस्पतालमा बिस्कुट र फलफूल वितरण–**

बनेपा ध्यानकुटी बिहारको तर्फबाट यसपाली पनि वर्षेनी बुद्ध पूर्णिमामा जस्तै वनेपाका स्थानीय अस्पतालका विरामीहरूलाई र कर्मचारीहरूलाई समेत फलफुल, बिस्कुट वितरण गरिएको थियो । उक्त अवसरमा ध्यानकुटी विहारका भिक्षु र उपासक उपासिकाहरूको उपस्थिती रहेको थियो ।

**नगदेश बुद्ध बिहार, नगदेश–**

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा २५४७ औं बुद्ध पूर्णिमा भव्य रुपले मनाइएको समाचार छ । श्रद्धेय ज्ञानोदय श्रामणेर समक्ष पञ्चशील, अष्टशील प्रार्थना, बुद्ध गुण स्मरण र प्रवचन गरिएको सो कार्यक्रममा तुलसीमान दुवालले स्वागत भाषण गर्नुभएको थियो । कृष्ण कुमार प्रजापतिले बुद्ध पूण्य तिथी र बौद्ध जगतमा बैशाख पूर्णिमाको महत्त्व विषयमा आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुभई धन्यवाद ज्ञापन गर्नु भएको सो कार्यक्रम न्हुच्छे कुमार सिंकेमनको अध्यक्षतामा संचालन भएको थियो । कार्यक्रममा अध्यक्ष श्री सिंकेमनले बु.सं. २५४६ मा बौद्ध परियत्ति परीक्षामा उत्तीर्ण भएका छात्राहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो । स्मरणिय छ, नगदेश बुद्ध विहारका सुश्री भवानी मेजु बौद्ध परियत्ति प्रारम्भिक तृतीय कक्षामा बोर्ड प्रथम भई बिहारको प्रतिष्ठा बृद्धि भएको महशूस गरिएको कुरा समाचारमा जनाइएको छ ।

टोल टोलमा साप्ताहिक ज्ञानमाला भजन गर्दै अन्त्यमा सामूहिक पुण्यानुमोदन वाचन गरी सभा सम्पन्न भइसकेपछि मध्यपूर थिमी नगर ४,५ र ६ मा विभिन्न साँस्कृतिक बाजा गाजा सहित नगर परिक्रममा गर्दै भव्य रुपले बुद्ध पूर्णिमा मनाइएको थियो ।

**बुद्ध विहार, धरान–**

२५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा बुद्ध विहार धरान–८ ले बैशाख २७ गते देखि सप्ताहव्यापी कार्यक्रमको आयोजना गरी बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार छ ।

प्राप्त समाचार अनुसार उक्त समारोहमा सबै गुम्बा, महाविहार, चैत्य र संघ संस्थाहरूलाई पनि सहभागी गराइएको थियो । वैशाख २७ गते बिहान भिक्षु मैत्रीबाट झण्डोत्तोलन गरी धरान नगर भरि शान्ति पद यात्रा गरी पुनः बुद्ध बिहारमा भेला भई बुद्धपूजा गरिएको थियो भने बैशाख २८ गते देखि जेठ १ गते सम्म सबै गुम्बाहरूमा ज्ञानमाला भजन र बुद्धपूजा कार्यक्रम सञ्चालन गरिएको थियो । यसै क्रममा रक्तदान तथा कल्पवृक्ष दान कार्यक्रम पनि संचालन गरिएको थियो । जेठ २ गते बेलुका सबैले आ-आफ्ना विहार तथा गुम्बाहरूमा भेला भई नगर शान्ति पद यात्रा सम्पन्न गरिएको थियो ।

श्रीमती बिष्णु देवी अध्यक्ष रहनु भएको सो कार्यक्रममा भिक्षु धम्मसागर प्रमुख अतिथी रहनु भएको थियो । यस समारोहमा बुद्ध बिहारका दाताहरू र रक्तदान गर्नु हुने रक्तदाताहरूलाई सम्मान अभिनन्दनका साथ शील प्रदान गरिएको थियो ।

खड्ग बहादुर मोक्तानले बुद्ध विहारको गतिविधि पढेर सुनाउनु भएको उक्त कार्यक्रममा श्रीमती आशा मोक्तानले स्वागत भाषण गर्नु भएको थियो । यसरी नै सम्माननिय व्यक्ति श्री विष्णु गोविन्दले आफ्नो मन्तव्य व्यक्त गर्नुभई अध्यक्ष श्रीमती विष्णु देवी श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुहुँदै कार्यक्रम समापन गरिएको थियो ।

वेलुकी पख दिपावली गरी परित्राण पाठ गर्नुका साथै २५४७ औं बुद्ध पूर्णिमा महोत्सव हर्षोल्लासका साथ सम्पन्न गरिएको थियो ।

**बौद्ध जन विहार, सुनागुठी, ललितपुर–**

२०६० जेठ १ र २ गते ।

२५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा बौद्ध जन बिहारको परियत्ति कक्षामा अध्ययनरत छात्र छात्राहरू र उपासक उपासिकाहरूको समूहले शान्ति कामना गरी मैन र दीयो बाली सुनागुठीमा नगर परिक्रमा गरिएको समाचार छ । बौद्ध जन विहार सुनागुठीको आयोजनामा आयोजित उक्त सभामा चैत्य परिसर देखि बौद्ध जन विहारसम्म गाउँका बिभिन्न बाजा गाजा सहित विश्व शान्ति विहारका श्रद्धेय भिक्षुहरू लगायत उपासक उपासिकाहरूको उपस्थितीमा बुद्ध प्रतिमा यात्रा र बुद्ध पूजा सम्पन्न गरिएको थियो । उक्त सभामा सहभागी हुनुभएका सम्पूर्ण सहभागीहरूलाई बौद्ध जन विहारको तर्फबाट जलपान र भोजनको व्यवस्था मिलाइएको थियो ।

**विश्व बौद्ध महासंघ, लुम्बिनी–**

विश्व बौद्ध महासङ्घ लुम्बिनी, नेपालद्वारा २५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा धर्म गोष्ठी, वृत्तचित्र प्रदर्शन र सम्मान कार्यक्रमको आयोजना गरिएको समाचार छ । उक्त कार्यक्रममा बोल्नुहुँदै भौतिक योजना तथा निर्माण मन्त्री

नारायण सिंह पुनले भन्नुभयो "आगामी दिनमा हामीले कहिल्यै हत्या, हिंसा ब्यहोर्न नपरोस्, बुद्धले दिएका सन्देश स्मरण गरेर अघि बढ्यौं भने शान्ति स्थापना गर्न सकिन्छ।"

विश्व बौद्ध महासङ्घका संरक्षक भिक्षु सुमेधको सभापतित्त्वमा सम्पन्न सो समारोहमा मन्त्री पुनले असहाय बिद्यार्थीहरूलाई शिक्षा दिन महासङ्घलाई सहयोग गरिरहेका बिद्यालय तथा व्यक्तिहरूलाई धन्यवाद पत्र प्रदान गर्नुभयो।

सो समारोहमा असहाय विद्यार्थीहरूलाई शिक्षाका लागि खोलिने विद्यालयका लागि काठमाडौंमा पाँच रोपनी जवग्गा उपलब्ध गराउनुहुने भएका मधु शमशेर ज.ब.राले मानव समाजको उन्नतिको लागि बुद्धका शान्ति सन्देश अनुशरण गर्दै अघि बढ्दा सफलता पाइने विचार व्यक्त गर्नुभयो।

समारोहका प्रमुख अतिथी भिक्षु कुमार महास्थविरले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा विश्वमा स्वतन्त्रता र समानताको लागि अहिंसाको सिद्धान्त अपरिहार्य रहेको विचार व्यक्त गर्नुभयो। उहाँले सो समारोहमा नेपालका लागि श्रीलंकाका राजदूतलाई उपहार प्रदान गर्नुभएको थियो।

**महिला बौद्ध समूह, बुद्धवारी काठमाडौं–**

२५४७ औं बुद्ध जयन्ती र महिला बौद्ध समूहको वार्षिकोत्सवको उपलक्षमा मिति २०६० वैशाख २७ गते शनीवारका दिन भिक्षुणी धम्मवतीको प्रमुख आतिथ्यमा शोभा यात्राको आयोजना गरिएको समाचार छ।

उक्त कार्यक्रममा बौद्ध दर्शनमा पी.एच.डी. गर्नुभएका डा. अनोजा गुरुमाँ, इतिहासकार एवं सँस्कृतिविद वासु पासा र वाद्य महागुरु कृष्णभाई महर्जनलाई खादा ओढाई अभिनन्दन गरिएको थियो। उहाँहरूलाई महिला बौद्ध समूहका धम्मानुशासक भिक्षुणी धम्मवतीको तर्फबाट बुद्ध मूर्ति प्रदान गरिएको थियो। समूहका अध्यक्ष श्रीमिला सुवालले उहाँहरूलाई अभिनन्दन पत्र प्रदान गर्नु भएको थियो।

उक्त समारोहमा समूहका अध्यक्ष सुवाल, सल्लाहकार चक्रमान डंगोल, वासुपासा, कृष्णभाई महर्जन, भिक्षुणी डा. अनोजा, ज्ञानदेवी शाक्य र तारा शाक्य आदिले आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएका थिए।

**सहलह पुचः ॐ बहाः काठमाडौं–**

२५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा ॐबहाल टोलका सहलह पुच:को आयोजनामा बुद्धपूजा, धर्मदेशना र दान प्रदान कार्यक्रम सम्पन्न भएको समाचार छ। पुच:का सल्लाहकार रत्नकुमार शाक्यले स्वागत भाषण गर्नु भएको उक्त कार्यक्रम मणिकर शाक्यले संचालन गर्नु भएको थियो। भिक्षु सुशीलले प्रवचन गर्नुभएको उक्त सभामा शाक्य फाउण्डेशनका सचिव डा. लक्ष्मण शाक्यले बुद्ध पूजा कार्यक्रम संचालन गर्नुभएको थियो भने बाबुराजा शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो। यसरी नै उक्त सभामा पुच:का प्रमुख सुजीत शाक्यले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो।

**श्रीघः ज्ञानमाला भजन खलः काठमाडौं**

२५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा श्रीघ: ज्ञानमाला भजन खल: श्रीघ: न:घको आयोजनामा प्रज्ञा भवनमा प्रथम पटक श्रीघ: ज्ञानमाला भजन प्रतिभा प्रदर्शन कार्यक्रम सम्पन्न भएको छ।

जम्मा २३ वटा समूहले भाग लिएको उक्त ज्ञानमाला प्रतिभा प्रदर्शन कार्यक्रममा १८ वटा समूहले मात्र समावेश गरिएको कुरा बुझिएको छ।

प्रतिभा प्रदर्शन कार्यक्रममा ज्ञानज्योति कंसाकार र द्रव्यमान सिंह तुलाधर प्रमुख अतिथीको रुपमा रहनु भएका थिए।

यसरी नै यस भजन खल:कै आयोजनामा बुद्धपूर्णिमाको दिन ब्याच वितरण, शान्ति दीप प्रज्वलन र ज्ञानमाला भजन गरिएको थियो भने दिउँसो बुद्ध प्रतिमा सहित बिभिन्न नरनारीहरूले नगर परिक्रमा गर्री श्रीघ: चैत्यमा बेलुकीपख दीपावली गरिएको थियो।

यसरी नै जेठ ९ गतेका दिन श्रीघ: देखि शान्ति सन्देश लिई दोल्खा भिमसेन स्थान सम्म १४० किलोमिटरको दौड कार्यक्रम सम्पन्न गरिएको छ। उक्त दौड कार्यक्रममा नेपालका प्रख्यात धावक वैकुण्ठ मानन्धर लगायत अन्य धावकहरू रत्न तुलाधर, रामकृष्ण महर्जन, विजय डंगोल र दिपक रञ्जित आदिले भाग लिएको कुरा थाहा हुन आएको छ।

**बौद्ध महिला समूह, काठमाडौं–**

२०६० वैशाख २७ गते, शनीवार।

बुद्ध विहार, भृकुटी मण्डप।

बौद्ध महिला संघ नेपालको आयोजनामा २५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा एक सभाको आयोजना गरिएको समाचार छ। बालबालिका तथा समाज कल्याण राज्यमन्त्री अनुराधा कोइरालाको प्रमुख आतिथ्यमा सम्पन्न उक्त सभा भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्त्वमा सम्पन्न भएको थियो। पञ्चशील प्रार्थना पश्चात् भिक्षु ज्ञानपूर्णिक महास्थविर बाट धर्मदेशना गरिएको उक्त सभामा समूहका धम्मानुशासक धम्मवती गुरुमां, सल्लाहकार लोकदर्शन बज्राचार्य, बौद्ध परियत्ति शिक्षाका विद्यार्थीहरू सहदेव र बुद्धलक्ष्मी शाकय आदिले आ-आफ्ना मन्तव्य ब्यक्त गर्नुभएका थिए।

समूहका अध्यक्ष नानीमैंया मानन्धरद्वारा लिखित धम्मपद अट्ठकथाको दोश्रा भाग पुस्तक भिक्षु कुमार काश्यपले विमोचन गर्नु भएको उक्त सभामा प्रमुख अतिथी कोइरालाले बौद्ध परियत्ति शिक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो।

आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा प्रमुख अतिथी, कोइरालाले दीन हीन असहायहरूलाई नानीमैंया मानन्धरले स्वागत भाषण गर्नुभई वासन्ती देवी बज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको उक्त सभा सरीता तुलाधरले संचालन गर्नु भएको थियो। उक्त सभामा परियत्ति शिक्षा संचालनार्थ



Downloaded from http://www.dhamma.digital

ताम्राकार हाउसको तर्फबाट रु. १०,०००/- र दिवंगत भाई महर्जनको पुण्यनुस्मृतिमा लक्ष्मी कुमारीबाट रु. १,०००/- रकम बौद्ध महिला समूहका कोषाध्यक्ष कृष्णकली शाक्यलाई हस्तान्तरण गरिएको थियो ।

**ह:खा, ललितपुर–**

२५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा बुद्ध जयन्ती समारोह समिति ह:खाको आयोजनामा सप्ताहव्यापी विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको समाचार छ । उक्त सप्ताहव्यापी कार्यक्रमहरू मध्ये बैशाख २९, ३० र ३१ गते तीन दिन सम्म प्रवचन र ज्ञानमाला भजन कार्यक्रम संचालन गरिएको थियो । भजन समापन पश्चात् आमन्त्रित विभिन्न भजन खल:का साथै श्री ५ को सरकारका पूर्व मुख्य सचिव, ह:खाटोल सुधार संघका साथै २५४७ औं बुद्ध जयन्ती समारोह समितिका प्रमुख तीर्थमान शाक्य र भजन तथा सँस्कृति उपसमितिका संयोजक दबल बहादुर शाक्य आदिलाई अभिनन्दन गरिएको थियो ।

यसरी नै तीनदिने बौद्ध प्रवचन कार्यक्रमको सिलसिलामा क्रमश: भिक्षु भद्दिय, गुरु छोकिनिमा रिम्पोछे र पं. हेराकाजी बज्राचार्यको तर्फबाट प्रवचन गरिएको थियो ।

सरसफाई अभियान उप-समितिका संयोजक राजेन्द्र शाक्य "नवीन" को संयोजकत्वमा सरसफाई सहित अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा भिक्षुसंघको तर्फबाट विधि पूर्वक कार्यक्रम संचालन गरी प्रव्रज्या गरिएको थियो ।

यसरी नै उक्त समितिको तर्फबाट एम्पी महाविहार ई बहीमा धर्मदेशना कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा भिक्षुणी धम्मवतीबाट धर्मदेशना गर्नुभएको थियो । समितिको आयोजनामा रक्तदान, दन्त शिविर र स्वास्थ्य चेतना जागरण जस्ता विभिन्न रचनात्मक क्रियाकलापहरू संचालन गरिएको थियो । विज्ञान, प्रविधि तथा स्वास्थ्य मन्त्री डा. उपेन्द्र देवकोटाले उद्‌घाटन गर्नुभएको थियो । समितिका स्वास्थ्य चेतना जागरण उपसमितिका संयोजक विद्या शाक्यले स्वागत भाषण गर्नु भएको उक्त कार्यक्रममा दन्त शिविरका संयोजक कर्णबहादुर शाक्य, प्रा. आशाराम शाक्य आदिले आ-आफ्नो मन्तव्य ब्यक्त गर्नुभएका थिए । त्यसरी नै रक्तदान शिविरका संयोजक दिलबहादुर शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

उक्त रक्तदान कार्यक्रममा जम्मा ७४ जना रक्तदाताहरूले रक्तदान गरेका थिए भने १२० जना व्यक्तिहरूले दन्त परिक्षण गरिएको थियो ।

**आनन्दकुटी विहार–**

२५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा आनन्दकुटी बिहार गुथी र त्रिरत्न मैत्री संघको संयुक्त तत्त्वावधानमा नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको समाचार छ । आनन्दकुटी बिहार गुथीका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरले उद्‌घाटन गर्नुभएको उक्त शिविर कार्यक्रम भिक्षु धर्ममूर्तिले संचालन गर्नुभएको थियो ।

मैत्री संघका सल्लाहकार सूर्यरत्न शाक्य र पाटन अकुपंचर क्लिनिकमा श्याम महर्जनले आ-आफ्ना मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रममा संघका अध्यक्ष संजीव शाक्यले शिविरका लागि सहयोग गर्नुहुने सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । २६ वैशाख देखि जेठ १ गते सम्म संचालित उक्त शिविरमा ओरियण्टल हेलिङ्ग सेन्टर, पाटन अक्युपंचर क्लिनिक र योसास क्लिनिकले आवश्यक सहयोग पुऱ्याएको कुरा बुझिएको छ ।

**स्थान– पाटी विहार, थिमी**

२०६० बैशाख २६ देखि जेठ २ गते सम्म । २५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा पाटी बिहार थिमीले साप्ताहिक धर्मदेशना एवं बौद्ध वृत्तचित्र प्रदर्शनको आयोजना गरिएको समाचार छ ।

उक्त साप्ताहिक धर्मदेशना कार्यक्रममा धर्मदेशना गर्नुहुने भिक्षु, भिक्षुणीहरू क्रमश: यसरी हुनुहुन्थ्यो । भिक्षुणी धम्मवती, भिक्षु सुशील, भिक्षु ज्ञानपूर्णिक, भिक्षु अश्वघोष, भिक्षु कुमार काश्यप, भिक्षु कोण्डञ्ञ, भिक्षु सुमेध र भिक्षु आनन्द आदि ।

**शान्ति वन, गोदावरी, ललितपुर–**

२०६० जेठ १ बिहीवार ।

गोदावरी शान्तिवनको प्रथम बार्षिक समारोह तथा २५४७ औं बुद्ध पूर्णिमाको शुभ उपलक्षमा शील प्रार्थना, बुद्धपूजा, प्रव्रज्या समारोह, धर्मदेशना "शान्तिबन" पत्रिका विमोचन आदि विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको समाचार छ । उक्त कार्यक्रम शान्तिबन शान्तिसंघ परिवार गोदावरी ललितपुरको आयोजनामा सम्पन्न भएको थियो ।

**धरान, स्वयम्भू चैत्य महाविहार–**

स्वयम्भू चैत्य महाविहार र सम्यक शिक्षा समूहको संयुक्त आयोजनामा २५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा सप्ताहव्यापी कार्यक्रमको आयोजना गरिएको समाचार छ । उक्त अवधिभर टोल सरसफाई, शान्तिपदयात्रा, ध्यान शिविर, हाजिर जवाफ प्रतियोगिता, विभिन्न खेलकूद प्रतियोगिता, रक्तदान कार्यक्रम, कल्पवृक्ष दान र भजन कार्यक्रमहरू आदि सम्पन्न गरिएको समाचार छ ।

जेठ २ गते स्वयम्भू चैत्य महाविहारका केशर कु. शाक्यको संयोजकत्वमा बुद्ध मूर्ति सहित नगर परिक्रमा गराई सभाको आयोजना गरिएको थियो । उक्त सभामा सप्ताहव्यापी कार्यक्रममा कोषाध्यक्ष कुल ब. शाक्यले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यसरी नै सप्ताह व्यापी कार्यक्रमका संयोजक र खेलका विजेताहरूलाई पुरस्कार तथा मायाको चिनो प्रदान गरिएको थियो ।

साप्ताहिक बुद्धपूजा र प्रवचन कार्यक्रममा श्रामणेरहरू अशोक र शान्तरक्षितबाट प्रवचन गर्नुभएको कुरा बुझिएको छ ।

**विश्व शान्ति विहार र रेडक्रस सोसाईटी, भृकुटी मण्डप–**

जेठ २ गते, शुक्रवार। भोजपुर टक्सार बौद्ध शाक्य समाज र चैनपुर शाकय समाजको संयुक्त तत्त्वावधानमा स्थापना गरिएको बुद्ध जयन्ती समारोह समिति २५४७ को आयोजनामा बिभिन्न कार्यक्रमहरू संचालन गरी बुद्ध पुर्णिमा महोत्सव मनाइएको समाचार प्राप्त भएको छ।

विभिन्न पाठशालाहरूले भाग लिएको एक शान्ति शोभा यात्रा विश्वशान्ति विहार मीनभवनबाट विहान ७ बजे अगाडि बढेर नयाँ बानेश्वर क्षेत्रको बिभिन्न टोलहरूमा गई अन्त्यमा विश्व शान्ति विहारमा नै आई बौद्ध सार्वजनिक सभाको रूपमा परिवर्तन भएको थियो। उक्त सभाका प्रमुख अतिथी भिक्षु बोधिज्ञान लगायत भिक्षु यशधम्मका साथै अन्य भिक्षुहरू समक्ष सामूहिक पञ्चशील प्रार्थना पश्चात् बुद्ध पूजा गरी सभा संचालन गरिएको थियो।

दुर्गा शाक्यले स्वागत भाषण गर्नुभएको उक्त सभामा अमीता धाख्वा: देवकाजी शाक्य, किशोर श्रेष्ठ र धर्मरत्न शाक्यले बुद्ध धर्म र बुद्ध जयन्तीको विशेष महत्त्व बारे आ-आफ्नो मन्तव्य ब्यक्त गर्नु भएका थिए। यसको साथै भिक्षु बोधिज्ञानले धर्म देशना गर्नुभएको उक्त सभामा प्रदीप शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो। खड्ग रत्न शाक्यको अध्यक्षतामा संचालित उक्त सभा भीम शाक्यले संचालन गर्नुभएको थियो।

यसरी नै उक्त समाजको आयोजनामा नेपाल रेडक्रम सोसाइटी रक्त संचार केन्द्रमा रक्तदान कार्यक्रम पनि सम्पन्न गरिएको थियो।

**बेनी म्याग्दी–**

बेनी म्याग्दीमा २५४७ औं बुद्ध पूर्णिमा महोत्सव विभिन्न संघ संस्थाहरूले यसरी मनाएको समाचार प्राप्त भएको छ–

वैशाख २५ गते महिला बौद्ध संघको आयोजनामा र संघकी अध्यक्ष स्मृती शाक्यको अध्यक्षतामा ६ दिने कपडाको फूल बनाउने तालिम सम्पन्न।

वैशाख ३१ गते म्याग्दी बौद्ध संघको आयोजनामा र मगर महिला बौद्ध सेवा समाजको संयोजकत्त्वमा म्याग्दी अस्पतालका विरामीहरूलाई फलफुल वितरण। बेनी बजार स्थित सरकारी विद्यालयका १०० जना असहाय विद्यार्थीहरूलाई प्रमुख अतिथी निमित्त जि.शि.अ. नवराज चापागाईबाट शैक्षिक सामग्री वितरण।

जेठ १ गते संघकै आयोजनामा र युवा बौद्ध संघको संयोजकत्त्वमा बौद्ध फोटो प्रर्दशनी।

जेठ २ गते शान्तिपदयात्राका साथै बुद्ध बिहारमा पुगी उक्त ऱ्याली सभामा परिणत भएको थियो। सभाका प्रमुख अतिथी प्र.जि.अ. ध्रुवराज वाग्लेले शान्तिदीप प्रज्वलन गर्नुभई कार्यक्रमको उद्घाटन गर्नुभएको थियो।

श्रामणेर जनकले धर्मदेशना गर्नुभएको सो सभामा ज्ञानमाला भजन र बुद्धप्रतिमा रथमा सजाई नगर परिक्रमा गराइएको थियो।

**चैनपुर, संखुवासभा।**

श्री बोधिसत्त्व बिहार चैनपुरमा गंगा शाक्यको अध्यक्षतामा सप्ताहव्यापी कार्यक्रमहरू संचालन गरी २५४७ औं बुद्धपूर्णिमा महोत्सव मनाइएको समाचार प्राप्त भएको छ।

शील प्रार्थना, बुद्धपूजा, धर्म देशना र हाजीर जवाफ प्रतियोगिता संचालन गरी मनाइएको सो महोत्सवमा श्री बोधिसत्त्व बिहारका ७० बर्षिय उपासक श्री चन्द्रज्योती शाक्यले चैनपुरमा गत ५६ बर्ष देखि बुद्ध शासनको लागि आवश्यक योगदान गर्दै आउनुभएकोले उहाँलाई शाक्य समाज र अन्य महानुभावहरूले सम्मान गरेको थियो। यसरी नै बयोबृद्ध श्री गोविन्द मान शाक्यले उहाँलाई दोसल्ला ओढाई सम्मान गरेको थियो।

श्रद्धेय भिक्षु सोभितले धर्मदेशना गर्नुभएको सो सभामा शील प्रार्थना र बुद्धपूजा गरिएको थियो।

बुद्ध प्रतिमा सजाई जनसमुदाय सहितको एक टोलीले प्रभातफेरी गरिएको उक्त महोत्सवमा कल्पवृक्ष दान, बुद्ध र शान्ति विषयमा साहित्य तथा संगीत गोष्ठीको पनि आयोजना गरिएको थियो।

**वार्षिकोत्सब**

श्री बोधिसत्त्व बिहार चैनपुर १७ बर्ष पूरा भई १८ बर्ष प्रवेश गरेको उपलक्षमा बौद्ध महिला संघकी अध्यक्ष सुश्री सुमनादेवी शाक्यको अध्यक्षतामा एक समारोह सम्पन्न गरिएको समाचार छ। उक्त अवसरमा २५४७ औं बुद्ध पूर्णिमा महोत्सव को उपलक्षमा पुग्नु भएका श्रद्धेय भिक्षु शोभित र बुद्धलाल शाक्य आदिले बौद्ध महिला संघको उत्तरोत्तर प्रगतिको कामना पनि गरिएको थियो।

**धर्मस्थलीमा बौद्ध जागरण कार्यक्रम सम्पन्न–**

काठमाडौं, वैशाख १३ गते, शनिवार।

युवा बौद्ध समूह काठमाडौंको आयोजनामा धर्मस्थली गाविसका ग्रामसेवा माध्यमिक विद्यालयमा एकदिने बौद्ध जागरण कार्यक्रम सम्पन्न भएको समाचार छ।

भिक्षु सुशील समक्ष पञ्चशील प्रार्थना गरी र त्रिरत्न वन्दना गरी शुरु गरिएको उक्त कार्यक्रममा युवा बौद्ध समूहका सल्लाहकार र ज्यापु महागुथीका प्रमुख विपेन्द्र महर्जन त्रिरत्न मानन्धर, हर्षमुनी शाक्य, भिक्षु सुशील र शान्तरत्न शाक्य आदिको तर्फबाट बुद्ध शिक्षा सम्बन्धि विभिन्न पक्ष प्रकाश पारिएको थियो।

साहु पञ्चबीर सिंहको प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा देव रंजितले स्वागत भाषण गर्नुभएको थियो भने धर्मस्थली अध्ययन पुच:का प्रमुख विवेक डंगोलले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

करीब ८० जवान प्रशिक्षार्थीहरूले भाग लिनुभएको उक्त कार्यक्रममा भाषिक चेतना र बौद्ध शिक्षालाई संगसंगै



Downloaded from http://www.dhamma.digital

विकास गर्नुपर्ने विषयमा चर्चा गरिएको थियो । उक्त कार्यक्रम राजा बज्राचार्यले संचालन गर्नुभएको थियो ।

**चित्रवन विहार, नारायणगढ–**

२५४७ औं बुद्ध जयन्तीको उपलक्ष्यमा शील प्रार्थना बुद्धपूजा पछि मेधंकर भन्तेबाट धर्मदेशना भयो ।

सन्ध्याकालिन ४ बजे बुद्धमूर्तिको रथसहित शान्तिपद यात्रा गरि विहारमा पुगी समापन भयो ।

**श्रीघःमा १० फुटको बुद्धमूर्ति–**

बैशाख २६ गते, शुक्रवार । स्थान- श्रीघः नःघल ।

श्रीघः चोकमा १० फुटको शाक्यमुनी बुद्ध मूर्ति स्थापना गरिएको छ । ललितपुर स्थित भिन्छेबहालमा निर्माण गरिएको उक्त बुद्धमूर्ति श्रीघःमा स्थापना गर्नको लागि शोभा यात्रा गरी र बाजागाजा सहित थुप्रै नरनारीहरूले नगर परिक्रमा गरी ल्याइएको थियो । उक्त बुद्धमूर्ति ५ लाख रुपैयाँको लागतमा निर्माण गरिएको कुरा पनि बुझिएको छ । बुद्ध पूर्णिमाको उपलक्षमा सर्व साधारणले दर्शन गर्नको लागि उक्त बुद्ध मूर्ति स्थापना गरिएको कुरा पनि थाहा हुन आएको छ ।

**नेपाल बौद्ध परियत्ति शिक्षाको ४० औं समूहको दीक्षान्त समारोह**

२०६० बैशाख २० गते, शनीवार ।

स्थान- मणिमण्डप महाविहार

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष, नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरको सभापतित्त्वमा र राजपरिषदका सम्माननिय सदस्य श्री बुद्धिराज बज्राचार्यको प्रमुख आतिथ्यमा नेपाल बौद्ध परियत्ति शिक्षा बुद्ध संम्वत् २५४६ औं अर्थात् ४० औं समूहको दीक्षान्त समारोह सुसम्पन्न गरिएको समाचार छ ।

## स्वास्थ्य शिविर कार्यक्रम

धर्मोदय सभा बुटलव शाखा द्वारा 'विश्व स्वास्थ्य दिवस' को उपलक्ष्यमा चैत्र २२ गते छेकावर केरवानी गा.वि.स. रुपन्देहीमा भविष्य निर्माण मा.वि.को आतिथ्यमा एक दिने निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण कार्यक्रम सम्पन्न गरिएको समाचार छ।

चिकित्सकद्वय श्री डा. कृष्ण खरेल र डा. नेत्र थापा तथा स्वास्थ्य सहायक श्री उपेन्द्र मान वज्राचार्यको सहयोगमा २७३ जना विरामीहरूको स्वास्थ्य परीक्षण गरी औषधी वितरण समेत गरिएको थियो । त्यस भेगमा ज्यादा मात्रामा छाला र कानका रोगीहरू फेला परेको चिकित्सकहरूले बताउनु भयो । उक्त कार्यक्रममा जिल्ला स्वास्थ्य कर्मी संघबाट जनशक्तिको सहयोग, जिल्लाजन स्वास्थ्य कार्यालय रूपन्देही र औषधि पसलहरूबाट औषधिहरूको सौजन्य प्रदान गरेका थिए ।

उक्त अवसरमा सचिव पूर्णकाजी शाक्यबाट संचालित प्रतिक्रिया कार्यक्रममा डा. कृष्ण खरेल, धर्मोदय समाज अध्यक्ष श्री प्रेमलाल उदास, कार्यक्रम संयोजक श्रीमती रूपकेशरी बज्राचार्य र भविष्य निर्माण मा.वि. का प्रधानाध्यापक श्री गणपत प्रसाद गुप्ता लगायतले आ-आफ्नो धारणा व्यक्त गर्नु भएको थियो ।

**लुम्बिनी शान्ति पदयात्रीहरूको सम्मानार्थ बौद्ध सभा**

ललितपुर, बैशाख १९ गते, शुक्रवार ।

जापानी भिक्षु सातोको र राष्ट्रपाल शाक्यको नेतृत्त्वमा काठमाडौं देखि लुम्बिनी सम्म शान्ति पद यात्रा गर्ने बौद्ध धर्मावलम्बी यात्रीहरूको सम्मानमा ललितपुरको कृष्ण गल्लीमा एवंम् बौद्ध सभाको आयोजना गरिएको समाचार छ ।

श्रामणेर ज्ञानेश्वरले पञ्चशील प्रार्थना गराइएको उक्त सभामा लामा भिक्षु उग्येन शेर्वेले विश्व शान्तिकामना गर्नुभएको थियो ।

रत्नमान शाक्यले संचालन गर्नुभएको उक्त कार्यक्रममा लोकबहादुर शाक्यले स्वागत भाषण गर्नुभएको थियो । हेमबहादुर शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको उक्त सभामा बुद्ध धर्ममा देखा परेका त्रियान तथा सप्तत्रिंशत् सम्बोधि पाक्षिका" शिर्षकको पुस्तिका वितरण गर्नुका साथै पुण्यानुमोदन गरी सभा विसर्जन गरिएको थियो ।

**रेडियो र टेलिभिजनको माध्यमबाट साप्ताहिक बुद्ध शिक्षा प्रचार प्रसार**

२५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा रेडियो र टेलिभिजनको माध्यमबाट साप्ताहिक बुद्ध शिक्षा प्रचार कार्यक्रम यसरी प्रसार गरिएको थियो ।

***रेडियो नेपाल***

शील प्रार्थना– श्रद्धेय भिक्षुहरू आनन्द, कौण्डञ्ञ, निग्रोध, र सुशील आदि समक्ष पञ्चशील प्रार्थना ।

प्रवचकहरू– श्रद्धेय भिक्षुहरू आनन्द, संघरक्षित, सुशील, कोण्डञ्ञ, श्रद्धेय गुरुमांहरू कुशुम र वीर्यवती आदि ।

***नेपाल टेलिभिजन***

शील प्रार्थना– श्रद्धेय, भिक्षुहरू अश्वघोष, उदयभद्र, कुमार काश्यप, धर्मसागर, ज्ञानपूर्णिक, भद्दिय र तपस्सी धम्म आदि समक्ष शील प्रार्थना ।

प्रवचकहरू– श्रद्धेय भिक्षुहरू अश्वघोष महास्थविर, आनन्द, सुशील, ज्ञानपूर्णिक महास्थविर, कोण्डञ्ञ, श्रद्धेय गुरुमाँहरू कुशुम, अग्गञाणी, र वीर्यवती आदि ।

***मेट्रो एफ एम***

शील प्रार्थना– श्रद्धेय भिक्षुहरू कोलित, निग्रोध, सुशील, तपस्सीधम्म, बोधिज्ञान, धर्मसागर, संघरक्षित र सुख समक्ष शील प्रार्थना ।

प्रवचकहरू– श्रद्धेय भिक्षु आनन्द, सुशील, श्रद्धेय गुरुमांहरू धम्मवती, कुशुम र वीर्यवती आदि ।

यसरी नै सगरमाथा एफ एम, कान्तिपुर एफ एम र मेट्रो एफ एमबाट पनि २५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा धार्मिक प्रवचन लगायत अन्य विशेष कार्यक्रमहरू प्रसार गरिएको थियो ।

## बुद्ध जयन्तीकै दिन बलि पूजा

बुद्ध पूर्णिमाको दिनमा शान्तिका पथ प्रदर्शक गौतम बुद्धको जन्म, सम्बोधि लाभ र परिनिर्वाण सहित त्रिसंयोगको दिनको रुपमा शान्तिपूर्ण ढंगले महोत्सव मनाउने गरिन्छ। देश भरी नै शान्ति र अहिंसाको कामना गरिने यस दिनमा पनि कुनै धार्मिक स्थलहरूमा भने परम्परागत बलिपूजा सहित बैशाख पूर्णिमा मनाइने चलन रहेको कुरा कुनै समाचार सूत्रहरूले जनाएको देखिन्छ।

प्राप्त समाचार अनुसार सुनसरी बराहक्षेत्र गा.वि.स. स्थित सिंहदेवी, छिन्नमस्ता र भवानी थान मन्दिरमा बैशाख पूर्णिमा साइतमा बलि चढाएर देवीलाई अर्पण गर्नेको बिहानै देखि भीड लागेको थियो। लगभग २ सय भन्दा बढी संख्यामा बोका, परेवा, हाँस आदिको बलि चढाएको उक्त पर्व विहान ७ बजे देखि शुरु गरी दिउँसो १२ बजे सम्म चलेको थियो।

स्थानिय बासिन्दा हिमाल राईको भनाई अनुसार हरेक वर्ष त्यस स्थानमा बुद्ध जयन्तीको दिन बलि चढाउनेको भीड लाग्छ। तर यसपाली भने केही कम भएको देखिएको छ।

बराह क्षेत्र-९ सूर्यकुण्ड स्थित भवानी थानमा भने पूर्णिमामा सुरु भएको धार्मिक पर्व मेलाका रुपमा चार पाँच दिनसम्म चल्छ।

पुजारी शेरबहादुर राईका अनुसार मन्दिरमा आउने धेरै भक्तजनले बैशाख पूर्णिमाकै दिन बलि पूजा गर्ने भाकल गरेकाले बुद्ध जयन्तिका दिन बलि पूजा रोक्न नसकिएको हो।

बुद्ध जयन्तीका दिन बलि चढाउने र मारकाट गर्ने प्रथालाई स्थानीय स्तरमा रोक लगाइए तापनि कतिपय धार्मिक स्थलमा अझै यो प्रथा रोकिएको छैन। बुद्ध जयन्तीका दिन बलि चढाउने प्रथा अन्त्य गर्न श्रद्धालुहरूमा जनचेतना बढाउनु पर्नेमा ती धार्मिक स्थलका पदाधिकारीहरूले बताएका छन्।

## बुद्ध जयन्तीमा हिन्दुहरूको सहिष्णुता

*साभार: गोरखापत्र, जेठ ३ गते।*

चरिकोट, जेठ २ गते। हिन्दु धर्माबलम्बीहरूले दिवाली पर्वको नाममा काटमार गर्दै आएको भएपनि बिगत दुई बर्ष देखि बुद्ध जयन्तीको दिन काटमार नगर्ने भनी वरु सो पर्वलाई अघि पछि सारिदै आएको छ।

शान्तिका प्रतीक गौतम बुद्धको जन्म दिनमा मारकाट गरी दिवाली पर्व मनाउन उचित नभएकाले बुद्ध जयन्तीको अघिल्लो दिन वा पछिल्लो पाँच दिनपछि पञ्चमीका दिन यो पर्व मनाउन थालिएको भीमेश्वर नगरपालिका वडा नं. १० का गोविन्द न्यौपानेले बताउनुभयो।

यो पर्व मनाउने यहाँका सबै हिन्दु धर्माबलम्बीहरूले यस पटक देखि बुद्ध जयन्तीको दिन मनाउँदै आएको दिवाली पर्व अघि पछि सारेको पनि न्यौपानेले बताउनुभयो।

गतबर्ष यहाँका थापा, केशी, चौलागाईहरूले बुद्ध जयन्तीको दिन मनाइ आएको यो पर्व अघि पछि सारेका थिए भने यस वर्ष बस्नेत, बुढाथोकी, कार्की र न्यौपानेले यस पर्व अघि पछि सारी मनाएका छन्। बुद्ध धर्माबलम्बीहरूले आज आफ्नो त्रिपिटकलाई टाउकोमा राखी बाजा गाजा, धूपधुवाँ गरी जुलुस सहित बजार परिक्रमा गरी यो जयन्ती मनाएका छन्।

## भिन्तुना व शिरपाः लःल्हाय्गु ज्याझ्वः

२०६० बैशाख शनीवार।

स्थान- सुवर्ण छत्रपुर बिहार लुभु, लुलितपुर।

२५४७ औं स्वाँया पुन्हीया लसताय् सुवर्ण छत्रपुर विहार लुभुया ग्वसाले यल उ.म.न.पा. या निवर्तमान मेयर भाजु बुद्धिराज बज्राचार्ययात श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारपाखें राजपरिषदया दुजले मनोनित याना बिज्या:गु लसताय् वयक:यात भिन्तुना देछाय्गु व उपहार लःल्हाय्गु ज्या क्वचा:गु समाचार दु। भिक्षु बोधिज्ञान पाखें शील प्रार्थना व बुद्धपूजा याका बिज्या:गु उगु ज्याझ्व: बाबुराम महर्जनया सभापतित्वय् सम्पन्न जूगु ख:। भाजु कृष्ण गोपाल श्रेष्ठं लसकुस न्वचू वियादीगु उगु ज्याझ्व:या मू पाहाँ सम्माननिय राजपरिषदया दुज: भाजु बुद्धिराज बज्राचार्य पाखें नेपाल बौद्ध परियत्ति शिक्षा लुभु सुवर्ण छत्रपुर विहार केन्द्र पाखें उत्तिर्ण जूपिं ४५ म्ह ब्वनामिपिन्त शिरपा व दाँ लःल्हानादीगु ख:।

उगु ज्याझ्वले नेपाल बौद्ध परियत्ति शिक्षा लुभु सुवर्ण छत्रपुर बिहार केन्द्र संचालन यायत नगद व दाँ गुहाली यानादीपिं।

दातापिं व दां थुकथं उल्लेख जुयाच्वंगु दु–

| | | | |
|---|---|---|---|
| १. | बुद्धिराज बज्राचार्य | - | रु. २००१/- |
| २. | पूर्णमान महर्जन | - | रु. २५०१/- |
| ३. | सिद्धि मंगल विहार | - | रु. १००५/- |
| ४. | बाबुराम महर्जन | - | रु. १००१/- |
| ५. | मदन तुलाधर | - | रु. १००१/- |
| ६. | महेन्द्र देव सिंह | - | रु. १२४८/- |
| ७. | देवेन्द्र देव श्रेष्ठ | - | रु. ५००/- |
| | **जम्मा** | | **रु. ९२५७/-** |

मू पाहाँ पाखें नुग: खँ क्वचाय्का: विहारया नायो भाजु पूर्णमान महर्जन जुं शुभाय् देछानादिलसा बिहार या सल्लाहकार सभाया नायो बाबुराम महर्जनं सभा क्वचायका दिल।



Downloaded from http://www.dhamma.digital

## २५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा श्री ५ बाट सन्देश बक्स

२०६० जेठ २ गते, शुक्रवार ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट शान्ति, सहिष्णुता तथा मानवताका सम्बन्धमा बुद्धका उपदेशहरू द्वन्दबाट आक्रान्त आजको समाजमा अझ बढी महत्त्वपूर्ण छन् हुकुम भएको छ ।

मौसुफबाट पच्चीससय सत्चालिसौं बुद्ध जयन्ती समारोह समितिद्वारा आनन्दकुटी विहार स्वयम्भूमा आयोजित सार्वजनिक बौद्ध सभामा पठाईबक्सेको शुभकामना सन्देशमा सो कुरा हुकुम भएको हो । मौसुफबाट सन्देशमा सदा झैं यस वर्ष पनि भगवान गौतम बुद्धको जन्म, सम्बोधिलाभ एवं महापरिनिर्वाण दिवसलाई २५४७ औं बुद्ध जयन्तीको रुपमा बिभिन्न कार्यक्रमको आयोजना गरी मनाउन लागेको थाहा पाउँदा हामीलाई खुशी लागेको हुकुम हुँदै बुद्धद्वारा युगौं अघि प्रतिपादित ज्ञानमार्ग समस्त मानव जातिका लागि जीवनबोध गर्न आदर्श मार्ग भएको उल्लेख गरिबक्सेको छ । मौसुफबाट सन्देशमा हुकुम भएको छ–

"बुद्धका उपदेशहरूलाई अनुसरण गरी हिंसा, द्वेष, युद्ध तथा आपसी वैमनश्यतालाई छोडेर मानव समाजलाई शान्तिपूर्ण एवं सुखमय बनाउने कार्यतर्फ अग्रसर हुने सबैलाई आजको दिनले प्रेरणा देओस् यही हाम्रो शुभकामना छ ।

## मायादेवी मन्दिरको शीलापत्र अनावरण

२०६० जेठ २ गते, शुक्रवार । स्थान- लुम्बिनी ।

२५४७ औं बुद्ध पूर्णिमा एवं लुम्बिनी दिवसको अवसरमा श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट एक भव्य कार्यक्रम विच लुम्बिनीमा पुन: निर्मित मायादेवी मन्दिर भित्र रहेको शीलापत्र अनावरण गरिवक्सी मायादेवी मन्दिर सर्वसाधारणका लागि खुल्ला गरिबक्सेको छ । मौसुफका साथ श्री ५ वडा महारानी कोमल राज्य लक्ष्मी देवी शाह पनि सरिक होइबक्सन्थ्यो ।

मायादेवी मन्दिरमा पूजा अर्चना पश्चात् मौसुफहरू त्यहाँ निर्माण गरिएको विशेष मञ्चमा सवारी होइबक्सेको थियो । प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्द, राजपरिषद स्थायी समितिका सभापती परशुनारायण चौधरी, सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री कुबेर प्रसाद शर्मा लगायतका अन्य मन्त्रीहरू पनि उपस्थित रहेको उक्त समारोहलाई सम्बोधन गर्नुहुदै प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्दले गौतम बुद्ध विश्वभरी नै शान्ति र अहिंसा चाहने सबैका लागि पथ प्रदर्शक र आदरणीय भएको कुरा बताउनु भयो । उहाँले गौतम बुद्ध र बुद्धसंग सम्बन्धित पवित्र स्थलहरूको उत्खमन, संरक्षण र बिकास गर्न श्री ५ को सरकार सदैव तयार रहेको कुरा स्पष्ट पार्नुहुँदै यस क्षेत्रको विकासमा सहयोग पुऱ्याउने मित्रराष्ट्र तथा संघसंस्थाहरूप्रति धन्यवाद ज्ञापन गर्नुभयो ।

उक्त अवसरमा विभिन्न देशका राजदूत र विदेशी पाहुनाहरूको उपस्थिती रहेको थियो ।

स्मरणिय छ मन्दिर पुन: निर्माण कार्य २०५८ चैत्रमा प्रारम्भ भई २०५९ जेठ १२ गते वैशाख पूर्णिमाका दिन सम्पन्न गरिने लक्ष राखी निर्माण कार्य थालिएतापनि प्राविधिक कारणले गर्दा उक्त निर्माण कार्यमा ९ महिना ढिलो भई गत फागुण महिनामा मात्र मन्दिर निर्माण कार्य सम्पन्न भएको कुरा बुझिएको छ ।

निर्माणकार्य पूरा भई श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट शीलापत्र अनावरण गरिबक्सने खुशियालीमा पवित्र भूमी लुम्बिनीमा जेठ १ गते भिक्षु भिक्षुणीहरूको तर्फबाट अहोरात्री महापरित्राण पाठ सम्पन्न गरिएको पनि समाचार प्राप्त भएको छ ।

स्मरणिय छ, लुम्बिनीमा यसरी भिक्षु, भिक्षुणीहरूको तर्फबाट पहिलो पटक महापरित्राण पाठ सम्पन्न गरिएको छ ।

# अनिच्चावत संखारा उप्पादवय धम्मिनो
# उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो



*बुदिं:*
*वि.सं. २०३५ आश्विन ८ गते*

*मदुगुदिं:*
*२०५९ फाल्गुण १५ गते*

## *मदुम्ह: जेनिशा शाक्य*

कालं यन खः छन्त थनं आसे तकं जिमिसं धाय् मलाक
फुई धुंकल सर्वस्व जिमिगु आका भाकां यंकल कालं ।

पूर्व सुर्घो लुया हे च्वंसां, संसार जिमिगु आः स्यूँस्य च्वं
आकाशय् तिमीला भक्भः धाःसां, नुगले जिमिगु आः स्यूँसे च्वं ।

छंगु लुमन्ती मुसुहुं न्हिलेव, वसन्त वया पाच्युथें च्वं
म्हगसे जकसां जेनिशा छन्त खनेवं हानं छ लिहाँ वइथेंच्वं ।

आकाभाकां मदुम्ह क्यहें जेनिशा शाक्यया
पूण्य स्मृतिस सश्रद्धां बिचाः हायका च्वना ।

*तता*- मनिषा मानन्धर
*जिचा दाजु*- विमल मानन्धर
विष्णु दाश मानन्धर
राधा देवी मानन्धर
सरीता व अशोक मानन्धर
अमीता व न्हुच्छे मानन्धर
संगीता व अमृत मानन्धर
बबीता व अनुप प्रकाश
विनीता व मदन सिं
थिलेन, न्युजन, आस्था, शैली, युनिक, अंकित, प्राचि व
सकलें मानन्धर परिवार (त्यौड, असं, यें)

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४४३४८५०, ४४३४७५३, फ्याक्स : ४४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं फोन : ४२५९०३२ ४२५९५५० फ्याक्स : (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital